# आयकर ऐन, २०३१

लालमोहर र प्रकाशन मिति

२०३१/७/५

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. आयकर (पहिलो संशोधन) ऐन, २०३४ | २०३४/५/२२ |
| २. आयकर (दोश्रो संशोधन) ऐन, २०३६ | २०३६/८/५ |
| ३. आयकर (तेश्रो संशोधन) ऐन, २०३७ | २०३७/६/२ |
| ४. आयकर (चौथो संशोधन) ऐन, २०४१ | २०४१/७/२७ |
| ५. आयकर (पांचौ संशोधन) ऐन, २०४२ | २०४२/६/२३ |
| ६. आयकर (छैठौं संशोधन) ऐन, २०४३ | २०४३/६/२२ |
| ७. आयकर (सातौं संशोधन) ऐन, २०४६ | २०४६/६/११ |
| ८. अर्थ सम्वन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ | २०४७/८/२७ |
| ९. न्याय प्रशासन ऐन, ०४८ | २०४८/२/१६ |
| १०. आयकर (आठौं संशोधन) ऐन, २०४९ | २०५०/३/१० |
| ११. केही नेपाल ऐन संशोधन गर्न ऐन, २०५७ | २०५७/४/२६ |

## आयकर सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको ऐन

प्रस्तावनाः- आयकर सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन वनाइवक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "आयकर ऐन, २०३१" रहेको छ ।

२. यो ऐन नेपाल अधिराज्य भर लागु हुनेछ ।

३. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परीभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आय" भन्नाले दफा ५ बमोजिमका श्रोतहरुबाट आर्जन वा प्राप्त भएको नगदी वा जिन्सी आयलाई सम्झनु पर्छ ।

(ख) "कर" भन्नाले यो ऐन वा प्रचलित नेपाल कानून बमोजिम लागेको वा लाग्ने आय सम्झनु पर्छ र सो शव्दले यो ऐन वा प्रचलित नेपाल कानून बमोजिम लागेको वा लाग्ने जरिवाना शुल्क थप शुल्क र दफा ३५ बमोजिम माग गरिएको धरौटी रकम समेत सम्झनु पर्छ ।

(ग) "करदाता" भन्नाले यो ऐन वा प्रचलित नेपाल कानून बमोजिम आयकर तिर्नु पर्ने कर्तव्य भएका वा त्यस्तो आयकर तिर्नु पर्ने व्यक्तिलाई कर अधिकृतले यस ऐन अर्न्तगत सूचना वा अरु कुनै कारवाहि गरिएका व्यक्ति सम्झनु पर्छ ।

(घ) "आय वर्ष" भन्नाले दफा ४९ बमोजिम कुनै व्यक्तिले आफ्नो कारोबार वा व्यवसायको आय व्ययको लेखा राखेको अवधि वा अन्य आय व्यय निश्चित गर्ने अवधि सम्झनु पर्छ ।

(ङ) "कर निर्धारण" भन्नाले अस्थायी कर निर्धारण, अग्रिम कर निर्धारण, पुनः कर निर्धारण, अतिरिक्त कर निर्धारण, स्वयं कर निर्धारण, स्वयं कर निर्धारणमा कर अधिकृतले थप घट गरी निर्धारण गरेको कर निर्धारण आदेश र दफा ३५ बमोजिम धरौटी माग गरिएको निर्णयलाई समेत जनाउँछ ।

(च) "कर अधिकृत" भन्नाले यस ऐनको प्रयोजनको निमित्त श्री ५ को सरकारले नियुक्ति गरेको कर अधिकृत, वरिष्ठ कर अधिकृत, प्रमुख कर अधिकृत वा यो ऐनबमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी श्री ५ को सरकारले नियुक्त गरेको अन्य कुनै अधिकृत सम्झनु पर्छ ।

(छ) "फर्म" भन्नाले प्रचलित नेपाल कानून बमोजिम दर्ता भएको वा नभएको जुनसुकै फर्म सम्झनु पर्छ र सो शव्दले साझेदारी फर्म समेतलाई जनाउँछ ।

(ज) "कम्पनी" भन्नाले तत्काल प्रचलित कम्पनी ऐन वा अन्य प्रचलित नेपाल कानूनबमोजिम संस्थापन भएको कम्पनी वा संगठीत संस्थालाई सम्झनु पर्छ र यस शव्दले कुनै कानून अर्न्तगत संस्थापन भएको वा नभएको भए तापनि यो ऐनको प्रयोजनको लागि कम्पनी हो भनि महा-निर्देशकले सामान्य वा विशेष आदेशद्वारा तोकिएको कुनै पनि विदेशी संस्थालाई समेत जनाउँछ ।

(झ) कुनै कम्पनी, फर्म वा सार्वजनिक संस्थाको सम्वन्धमा "मुख्य अधिकारी" भन्नाले देहाय बमोजिमको व्यक्तिलाई सम्झनु पर्छ :

(१) सो कम्पनी, फर्म वा, सार्वजनिक संस्थाको सचिव, कोषाध्यक्ष, मालिक (प्रोपाइटर) प्रशासक, मैनेजर, एजेण्ट, मैनेजिंग डाइरेक्टर, वरकिंग डाइरेक्टर वा मैनेजिगं एजेण्ट, वा

(२) खण्ड (१) मा लेखिएको व्यक्ति नभएमा वा फेला नपरेमा सो कम्पनी, फर्म वा, सार्वजनिक संस्था संग सम्वन्धित अन्य कुनै अधिकारीलाई मुख्य अधिकारी भन्ने ठानी कर अधिकृतले सूचना पठाएकोमा सो सूचना पाउने अधिकारी ।

(ञ) "कृषि आय" भन्नाले दफा ५ को खण्ड (क) बमोजिमको आय संम्झनु पर्छ ।

(ञ१) "कृषि" भन्नाले जमिनबाट प्रत्यक्ष उव्जनी गर्ने काम सम्झनु पर्छ ।

(ट) "पारिश्रमिक आय" भन्नाले दफा ५ को खण्ड (ग) वमोजिको आय सम्झनु पर्छ ।

(ठ) "उद्योग,व्यापार पेशा वा व्यवसायको आय" भन्नाले दफा ५ को खण्ड (ख) बमोजिमको आय सम्झनु पर्छ ।

(ड) "घर जग्गा बहाल आय" भन्नाले दफा ५ को खण्ड (घ) बमोजिमको आय सम्झनु पर्छ ।

(ड१) "कुल आय" भन्नाले करदाताको कारोबारबाट प्रत्यक्ष खर्च कट्टा गरी हुन आउने रकम सम्झनु पर्छ ।

(ढ) "खूद आय" भन्नाले कुनै व्यक्तिले आर्जन गरेको आयमा आय आर्जन गर्ने सम्वन्धमा यस ऐनबमोजिम कटाउन पाउने खर्च कटाई सके पछिको बाँकी रहेको रकम सम्झनु पर्छ र सो शव्दले दफा ३३ को उपदफा (२) अनुसार कायम गरिएको खूद आयलाइ समेत जनाउँछ ।

(ढ१) "पूर्व संचालन खर्च" भन्नाले कारोबार शुरु हुनु भन्दा अघि भएको पूंजीकृत गरिने प्राविधिक परामर्श खर्च, सुपरीवेक्षण खर्च, ऋण लिएको रुपैयाको व्याज, अध्ययन-अनुसन्धान खर्च, प्रचार प्रसार खर्च, रजिष्ट्रेशन तथा ईजाजत पत्र सम्वन्धी खर्च र कारोबार संचालनमा ल्याउनको लागि भएको अन्य वास्तविक खर्च सम्झनु पर्छ ।

तर देहाय बमोजिमको रकमलाइ पूर्व संचालन खर्च मानिने छैन :

(क) वासलातमा जाय जेथा तर्फ समावेश गरिएको स्थिर जेथामा भएको खर्च रकम, र

(ख) सोधभर्ना वा पछि खर्चमा मिलान गर्ने गरी पेश्की दिएको रकम ।

(ण) "व्यक्ति" भन्नाले फर्म कम्पनी र संस्था समेतलाई जनाउँछ ।

(त) "दम्पति" भन्नाले वैवाहिक सम्वन्ध कायम रहेका पति पत्नी सम्झनु पर्छ । तर सम्वन्ध विच्छेद भै, अंश भै वा अदालतको निर्णयले मानो छुट्टिई वास्तवमा छुट्टा छुट्टै वसेकोमा दम्पति मानिने छैन ।

(थ) "परिवार" भन्नाले पति, पत्नी र आमा वावु जिवित छउन्जेल अंश छुट्टिएका वा नछुट्टिएको नावालक छोरा, छोरी सम्झनु पर्छ ।

(द) "नोक्सान" भन्नाले मुनाफा वा फाईदा निर्धारण गर्दा देखिन आएको नोक्सान सम्झनु पर्छ ।

(ध) "महा-निर्देशक" भन्नाले कर विभागको महा-निर्देशक सम्झनु पर्छ ।

(न) "सार्वजनिक हितको कार्य" भन्नाले मुनाफाको उदेश्य नराखी नेपाल अधिराज्य भित्र गरिने कुनै धार्मिक कार्य, असहाय व्यक्तिको उद्धारक कार्य, शैक्षिक वा चिकित्सा सम्वन्धी सहायता वा सुधार वा सार्वजनिक भलाईको लागि गरिने यस्तै अन्य कुनै कार्यलाई सम्झनु पर्छ ।

(प) "अस्थायी वासिन्दा" भन्नाले देहायका व्यक्ति सम्झनु पर्छः-

(क) कुनै आर्थिक वर्षभरी एकसय त्रियासी दिन वा सो भन्दा कम अवधिसम्म नेपाल अधिराज्यमा वसोवास गरेको व्यक्ति,

(ख) नेपाल अधिराज्य वाहिर वसोवास गरी नेपाल अधिराज्यबाट आय आर्जन वा प्राप्त गर्ने व्यक्ति,

(ग) प्रचलित नेपाल कानून बमोजिम दर्ता गरी वा नगरी कुनै विदेशी फर्म वा कम्पनी वा शाखा, प्रशाखाको रुपमा वा त्यस्तो फर्म वा कम्पनीको नियन्त्रणमा संचालन भै रहेको फर्म वा कम्पनी ।

(फ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अर्न्तगत वनेको नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. कर अधिकृतको नियूक्ति र अधिकार प्रत्यायोजनः (१) यस ऐनको प्रयोजनको निमित्त श्री ५ को सरकारले आवश्यक संख्यामा कर अधिकृतहरु नियुक्त गर्न सक्नेछ ।

(२) कर अधिकृतको कार्य क्षेत्र श्री ५ को सरकारले तोके बमोजिम हुनेछ । श्री ५ को सरकारले आवश्यक देखेमा कुनै एक क्षेत्रको कर अधिकृतको कार्य क्षेत्र भित्र पर्ने काम कारवाहि अर्को कर अधिकृतद्वारा पनि गराउन सक्नेछ ।

(३) यो ऐन लागू हुनु भन्दा अघि नियुक्त भई रहेका कर अधिकृतहरु यसै ऐन अर्न्तगत नियुक्त भएको मानिनेछ ।

(४) कर अधिकृतले आफ्नो अधिकार मध्ये सवै वा केही अधिकार आफू मुनिका कर्मचारीलाई आफ्नो सामान्य रेखदेख तथा नियन्त्रणमा सुम्पन सक्नेछ ।

(५) श्री ५ को सरकारले यो ऐनबमोजिम आफूले पाएको अधिकार मध्ये सवै वा केही अधिकार महा-निर्देशक वा कर अधिकृतलाई सुम्पन सक्नेछ ।

(६) कर अधिकृतले आफ्नो अधिकार आफू मुनिका कर्मचारीलाई सुम्पने सम्वन्धमा श्री ५ को सरकारबाट खास निर्देशन भएमा सोही बमोजिम गर्नु पर्नेछ ।

४. आयकर निर्धारण र असूल उपर गर्नेः सालवसाली वा कुनै एक सालको निमित्त आयकर लगाउने गरि कुनै ऐन बाट व्यवस्था भएमा यस्तो आयकर यो ऐन र यस ऐन अर्न्तगत वनेको नियम बमोजिम करदाताले अघिल्लो आय वर्ष भित्र आर्जन गरेको वा प्राप्त गरेको आयमा यस्तो आय वर्षको अन्तिम दिन लागू रहेको आयकरको दर बमोजिम निर्धारण गरी असूल उपर गरिनेछ । यसरी आयकर निर्धारण गर्दा प्रचलित नेपाल कानून बमोजिम व्यवस्था गरिएको कर लाग्ने एकाई भित्रको सबै सदस्यको संयुक्त आयमा कर लगाई असुल उपर गरिनेछ । एकाई कायम गर्दा वर्षको अन्तिम दिन जसको जस्तो स्थिति छ, सोही आधारमा एकाई कायम गरी आयकर निर्धारण र असूल उपर गरिनेछ ।

५. आयका शीर्षकहरुको वर्गीकरणः आयकर निर्धारणको निमित्त देहाय बमोजिमका शीर्षकहरुमा आयको वर्गिकरण गरिनेछ :

(क) कृषि,

(ख) उद्योग, व्यापार, पेशा व्यवसाय,

(ग) पारिश्रमिक,

(घ) घर जग्गा बहाल,

(ङ) अन्य श्रोतहरु।

५.क दर्ता गराउन पर्नेः (१) उद्योग, व्यापार, पेशा वा व्यवसाय चलाउने व्यक्तिले सो उद्योग, व्यापार, पेशा वा व्यवसाय शुरु गर्नु अगावै कर कार्यालयमा आफ्नो नाम दर्ता गराउनु पर्ने । र त्यसरी दर्ता गराउन सम्बन्धित कर अधिकृत समक्ष तोकिएको ढांचामा निवेदन दिनु पर्नेछ ।

(२) यो दफा प्रारम्भ हुनु भन्दा अघि देखि उद्योग, व्यापार, पेशा वा व्यवसाय गरि आएका व्यक्तिले यो दफा प्रारम्भ भएको मितिले एक सय वीस दिन भित्र उपदफा (१) बमोजिम निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन दिने व्यक्तिलाई कर अधिकृतले निजको उद्योग, व्यापार, पेशा वा व्यवसाय दर्तागरी तोकिएको ढांचामा दर्ताको प्रमाण-पत्र दिनेछ ।

(४) उपदफा (३) बमोजिम प्रमाण-पत्र प्राप्त व्यक्तिले आफ्नो उद्योग व्यापार, पेशा वा व्यवसाय छोडेमा वा वन्द गरेमा निजले सो गरेको पैंतिस दिन भित्र सो कुराको सूचना कर अधिकृतलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भएपछि त्यसमा आवश्यक छानविन गरी त्यस्तो उद्योग, व्यापार, पेशा वा व्यवसाय छोडेको वा वन्द गरेको देखिन आएमा तीन महिना भित्र कर अधिकृतले त्यस्तो व्यक्तिको उद्योग, व्यापार, पेशा वा व्यवसायको दर्ता खारेज गर्ने छ ।

(५) उपदफा (३) बमोजिम प्रमाण-पत्र पाएको व्यक्तिले प्रत्येक आर्थिक वर्ष शुरु भएको मितिले तीन महिना भित्र दर्ता नविकरणको लागि सम्बन्धित कर कार्यालयमा निवेदन दिनु पर्नेछ । र कर अधिकृतले दर्ता नविकरण गरी प्रमाण-पत्रमा सो जनाई दिनु पर्नेछ ।

(६) अस्थायी वासिन्दा वा गैर नेपाली नागरिकलाई उपदफा (३) बमोजिम प्रमाण-पत्र दिंदा कर अधिकृतले आवश्यक सम्झेको रकम धराटी वा धन जमानी लिन सक्नेछ ।

५ख. दर्ताको प्रमाण-पत्र पेश गराउन सक्नेः श्री ५ को सरकारले कुनै कारोबार गर्ने करदातालाई दफा ५क. को उपदफा (३) बमोजिमको दर्ताको प्रमाण पेश गराउन सक्नेछ ।

६. कर लाग्ने आयः कुनै व्यक्तिले आफ्नो आय वर्षमा दफा ५ मा तोकिएको कुनै वा सबै श्रोतहरुबाट नेपाल अधिराज्य भित्र आर्जन वा नेपाल अधिराज्यबाट कारोबार गरी विदेशमा आर्जन वा प्राप्त गरेको आयमा यस ऐनबमोजिम पाउने खर्चहरु कट्टा गरी खूद आयमा कर लाग्नेछ ।

तर, अस्थायी वासिन्दाको हकमा निजले नेपाल अधिराज्य भित्र आर्जन वा प्राप्त गरेको र विदेशमा रही नेपाल अधिराज्यबाट प्राप्त गरेको खूद आयमा कर लाग्नेछ ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागी "प्राप्त गरेको" भन्नाले करदाताको आम्दानीमा भएको वृद्धि वा लेखामा आम्दानी जनाएकोलाई सम्झनु पर्छ ।

६क. <u>कर नलाग्ने आयको निमित्त भएको खर्च कट्टा नहुने:</u> यो ऐन वा अन्य प्रचलित नेपाल कानून बमोजिम कर नलाग्ने आय आर्जन वा प्राप्त गर्ने सम्वन्धमा भएका खर्चहरु कर निर्धारणको प्रयोजनको निमित्त कट्टा गरिने छैन ।

तर कर लाग्ने तथा नलाग्ने आयमा भएको खर्च छुट्याउन वा छुट्टिन नसक्ने भएमा कर अधिकृतले दामासाहीले हिसाव गरी कर नलाग्ने आयमा भएको खर्च मिन्हा दिने छैन ।

७. <u>उद्योग, व्यापार, पेशा, व्यवसायको आय निर्धारण:</u> (१) कुनै व्यक्तिको उद्योग, व्यापार, पेशा, व्यवसाय बाट भएको आय निर्धारण गर्दा सो व्यक्तिले आय वर्ष भित्र कुनै उद्योग, व्यापार, पेशा, व्यवसाय बाट प्राप्त गरेको सवै किसिमको मुनाफा वा लाभ र त्यसमा देहाय बमोजिमको कुनै आय वा रकम भए सो समेत समावेश गरी निर्धारण गरिनेछ :

(क) मुनाफाको क्षति हुन नदिनको निमित्त गरिएको बीमा करार अर्न्तगत अथवा त्यस्तै अन्य करार अर्न्तगत प्राप्त गरेको क्षतिपूर्तिको रकम,

(ख) कुनै आय वर्षको खूद आय वा नोक्सानको निर्धारण गर्न निमित्त मिन्हा दिई सकेको कुनै खर्च वा कामको निमित्त खर्च गर्न छुट्याईएको मौज्दात मध्ये सवै वा केही रकम यसरी खर्च गर्न नपर्ने भएमा यसरी खर्च गर्न नपरे जति रकम,

(ग) असूल नहुने भनी मिन्हा गरी सकेका आसामी असुल भएमा असूल भए जति रकम,

(घ) उद्योग, व्यापार, पेशा, व्यवसाय समाप्त भै सके पछि पनि सो उद्योग, व्यापार, पेशा व्यवसाय समाप्त हुनु भन्दा अघिको कुनै आय वर्षको आय प्राप्त हुन आएको छ भने सो आय,

(ङ) नगदमा परीणत हुन सक्ने वा नसक्ने जे भए तापनि यस्तो आय वर्षको व्यापारको सिलसिलामा प्राप्त हुन आएको सुविधा वा विशेष सुविधा वजार मूल्यको दरबाट हुने रकम,

(च) कुनै काम वा सेवालाई पेशा वा व्यवसायको रुपमा गरी त्यसबाट प्राप्त कमिशन, फी वा शुल्क वा यस्तै प्रकारको अन्य रकम,

(छ) कुनै पेशा, व्यवसायीले आवश्यकताअनुसार आफ्नो सेवा उपलव्ध गराउने गरी पटक पटक लिइने कमिशन, फी वा शुल्क वा यस्तै प्रकारले पाउने अन्य कुनै रकम,

(ज) कुनै व्यक्तिले आफूमा रहेको खुवी ज्ञान, विशेषज्ञता र अनुभव अरुलाई उपलव्ध वा प्रदर्शन गराए वापत वा सो आधारमा कुनै विषयमा कसैलाई राय सल्लाह परामर्श, निरीक्षण, परीक्षण, नियन्त्रण, प्रशिक्षण, अध्ययन वा अनुसन्धान गरी दिए वापत प्राप्त गरेको कमिशन, फी वा शुल्क यस्तै प्रकारको अन्य कुनै रकम,

(झ) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरि तोकिदिएको क्षेत्रमा निजी वसोवासको लागि बाहेक व्यावसायिक प्रयोजनको लागी वनाईएको वा खरीद गरिएको घर र घडेरी जग्गा विक्री गरी प्राप्त गरेको आय ।

**<u>स्पष्टिकरण:</u>** यस खण्डको प्रयोजनको लागी "निजी वसोवासको घर जग्गा" भन्नाले पैतृक सम्पतिबाट प्राप्त भएको तथा आफूले आर्जन गरेको समेत गरी दुई वटा सम्म घर तथा सो घरले चर्चेको जग्गा र सो नभएमा दुई वटा सम्म घडेरी जग्गा सम्झनु पर्छ ।

८. <u>पारिश्रमिकको आय निर्धारण</u>: कुनै व्यक्तिको पारिश्रमिक आय निर्धारण गर्दा निजले आय वर्ष भित्र नोकरी वा सेवा गरी कमाइएको देहाय बमोजिमको रकम समावेश गरी निर्धारण गरिनेछ :-

(क) नगदी वा जिन्सीको रुपमा पाएको ज्याला, तलव, विशेष तलव, भत्ता, विशेष भत्ता, विदा वापतको तलव, कमिशन, फी, शुल्क, वोनस र अन्य सुविधा ।

तर औषधि उपचार खर्च, दैनिक वा भ्रमण भत्ता, दुर्गमस्थान भत्ता, विदेश भ्रमणमा प्रतिनिधि मण्डलको पाकेट खर्च, नेता भत्ता, विदेश भत्ता, भैपरी आउने खर्च, दशैं खर्च, सोधभर्नाको रुपमा पाएको रकम, काम लगाउने संस्थाले दिएको टेलिफोन सुविधाको रकम तथा श्री ५ को सरकार, सरकारी वा अर्ध सरकारी संस्थानहरु, सार्वजनिक हितको काम गर्ने संस्थाहरु

र तोकिएको अन्य संस्थाले प्रदान गरेको उपदान, निवृत्तभरण, संचित घर विदा, विरामी विदा, विभूषण, तकमा वा पदक वापतको रकम समेत पारिश्रमिक आयमा समावेश गरिने छैन ।

**स्पष्टिकरण:** यस खण्डको प्रयोजनको लागि,

(१) "विदेश भत्ता" भन्नाले नेपाल अधिराज्य स्थित कुनै संस्थाले आफ्नो कुनै कर्मचारीलाई विदेश स्थित आफ्नो कुनै कार्यालयमा खटाई काम लगाएमा त्यस्तो कर्मचारीले नेपाल अधिराज्यमा पाउने भन्दा बढी हुने गरी विदेशमा प्राप्त गर्ने अतिरिक्त रकम सम्झनु पर्छ ।

(२) "दुर्गम स्थान भत्ता" भन्नाले कुनै दुर्गम स्थानमा कुनै कर्मचारीले काम गरे वापत प्राप्त गर्ने पारिश्रमिकको श्री ५ को सरकारले तोकेको कुनै निश्चित प्रतिशत सम्मको रकम सम्झनु पर्छ ।

(३) "दशै खर्च" भन्नाले काम लगाउनेबाट वर्षमा एक पटक प्राप्त गरेको एक महिनाको तलव बराबरको रकम सम्झनु पर्छ ।

(ख) मुख्य व्यवस्थापक तथा निजले अधिकार प्रत्यायोजन गरेको कुनै अधिकृतले आफ्नो उद्योग, व्यापार वा पेशा, व्यवसायको विकास वा हितको सिलसिलामा कुनै कर्मचारी वा प्रतिनिधिलाई खर्च गर्न दिएको ठेकिएको रकम मध्ये प्रमाणित नभएको रकम ।

तर यस्तो खर्च वा ठेकिएको रकम कर्मचारी वा प्रतिनिधिले पाउने तलवको पचास प्रतिशत भन्दा कमको भएमा खर्च प्रमाणित नभएको भए तापनि सम्बन्धित कर्मचारी प्रतिनिधिको आयमा समावेश गरिने छैन ।

(ग) साधारणतः पारिश्रमिक पाउने व्यक्तिले व्यहोर्ने वा खर्च गर्नु पर्ने रकम निजको सट्टा काममा लगाउनेले व्योहोरेको वा खर्च गरेको भए सो रकम ।

९. <u>घर जग्गा बहालको आय निर्धारण:</u> (१) घर जग्गा बहालको आय निर्धारण गर्दा देहायका रकमहरु समेत समावेश गरी निर्धारण गरिनेछ:

(क) सलामी वा अतिरिक्त शुल्क वा यस्तै प्रकारको जुनसुकै नामबाट त्यस्तो आय वर्षमा सो घर जग्गामा रहनेबाट प्राप्त गरेको रकम,

(ख) बहालको वदलामा घर वनाई केही अवधि वस्न दिने शर्तमा कसैले अरुलाई घर वनाई वस्न दिएको रहेछ भने उक्त घर वनाउन लागेको कुल खर्चलाई सम्झौता अनुसार उपभोग गर्ने अवधि भरको बहाल कायम गरी त्यसको दामासाहीले हुन आउने वार्षिक बहाल रकम,

(ग) घर, जग्गा बहालमा लिने व्यक्तिले सो घर जग्गा धनिले साधारणतः व्यहोर्नु पर्ने, पानी, विजुली, टेलिफोन दस्तुर बाहेक अन्य खर्चहरु निजको सट्टा व्यहोरेको भए सो बमोजिमको रकम ।

(२) कुनै आय वर्षमा कुनै व्यक्तिले आफ्नो घर, जग्गा बहालमा लगाएकोमा सो बहाल लगाए वापत प्राप्त हुनुपर्ने रकम अन्यथा प्रमाणित भएमा बाहेक प्राप्त भएको मानिने छ ।

(३) कुनै घर जग्गा बहाल नलिने गरी घर धनिका नातेदार, कामदार वा घरको हेरचाह गर्न राखेको व्यक्ति वसेको देखि बाहेक अरुलाई वार्षिक रु. २५,०००।- भन्दा बढी बहाल लिने गरी बहालमा राखेकोमा बहाललिने दिनेका वीच लिखित सम्झौता गर्नु पनेछ र त्यस्तो सम्झौता भएको मितिले पैंतिस दिन भित्र सम्झौताको प्रतिलिपी घर बहालमा दिने व्यक्तिले सम्बन्धित कर कार्यालयमा दाखिल गर्नु पर्नेछ । सम्झौता नगरी वा पूरा बहाल नदेखाई घटी बहाल देखाई बहालमा राखेको ठहरिन आएमा स्थानिय वजारको प्रचलनको आधारमा बहाल निर्धारण गरिने छ ।

(३क) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको क्षेत्रको घर जग्गाको बहालको सम्वन्धमा सोही सूचना मा तोकि दिएका प्रकृयाहरु को आधारमा न्यूनतम बहाल निर्धारण गर्न सक्नेछ । यसरी तोकिएको न्यूनतम बहाल रकम, करदाताले प्रस्तुत गरेको विवरणमा उल्लेखित बहाल रकम र प्रमाणित हुन आएको बहाल रकम मध्ये जुन बढी हुन्छ सोही रकमलाई नै बहाल रकम मानिनेछ ।

(४) दुई वा दुई भन्दा बढी व्यक्तिको नाममा रहेको कुनै घरजग्गा बहालमा दिएको रहेछ र ती घर जग्गा धनिहरुको आयकर छुट्टा छुट्टै निर्धारण हुने रहेछ भने यस्तो सगोलको घर जग्गा बाट प्राप्त हुने बहाल रकम पनि निजहरुको हक दायित्वको आधारमा छुट्टा छुट्टै हिसाव गरी आयमा जोडिने छ । अन्यथा यस्तो बहाल रकमलाइ निजहरुको संयुक्त आयमा समावेश गरिनेछ ।

१०. अन्य श्रोतको आय निर्धारण: दफा ७, ८ र ९ अर्न्तगत परेको र कृषि आय बाहेक अन्य जुनसुकै श्रोतबाट हुने कुनै आय वर्षमा प्राप्त हुने वा भएको आयलाई अन्य श्रोतको आय मानिनेछ र यसमा देहाय बमोजिमको रकम समेत समावेश गरिनछ :

(क) कुनै व्यक्तिले आफ्नो खातामा कुनै रकम अरुलाई तिर्नु पर्ने वा तिरेको भनी देखाएको तर सो रकम अरुलाई तिर्नु पर्ने वा तिरेको भन्ने प्रमाणित नभएमा करदाताबाट त्यसरी प्रमाणित नभए जतिको रकम,

(ख) कुनै व्यक्तिले कुनै लगानी गरेको छ र सो लगानीको रकम कर नलाग्ने आयबाट गरेको वा कर तिरी सकेको रकम बाट गरेको हो भन्ने कुरा कर अधिकृतलाई प्रमाण पेश गर्न नसकेकोमा त्यस्तो लगानीको रकम वा त्यस्तो लगानीको मूल्य वा रकम खुलाउन नसकिने रहेछ भने कर अधिकृतले वजार मूल्यको आधारमा कायम गरेको रकम ।

११. कृषिको खूद आय निकाल्ने तरिकाः (१) कृषिको खूद आय निर्धारण गर्दा कृषि आयबाट त्यस्तो आर्जन वा प्राप्त गर्ने सम्वन्धमा भएको तोकिए बमोजिमको खर्च कट्टा गरी बाँकीलाइ खूद आय मानिनेछ ।

तर, कृषिको खूद आय निर्धारण गर्ने सम्वन्धमा अर्को नेपाल ऐनले अरु नै व्यवस्था गरेको रहेछ भने सोही बमोजिम खूद आय निर्धारण गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वाढी सुख्खा वा अन्य मुनासिव माफिकको कारण भएमा श्री ५ को सरकारले आवश्यक सम्झे बमोजिम छुट दिन सक्नेछ ।

१२. उद्योग, व्यापार, पेशा, व्यवसायको खूद आय निकाल्ने तरीकाः (१) उद्योग, व्यापार, पेशा, व्यवसायको खूद आय निर्धारण गर्दा त्यस्तो श्रोतबाट आय आर्जन वा प्राप्त गर्ने सम्वन्धमा भएको देहाय बमोजिमका वास्तविक खर्चहरु कट्टा गरिनेछ :

(क) बहालमा लिएका घर जग्गाको कवुलियत बमोजिमको बहाल रकम,

(ख) यान्त्रिक उपकरण, मेशिन, फर्निचर तथा आय आर्जन वा प्राप्त गर्न प्रयोग भएका अन्य सम्पत्ति वा सामानको मर्मत रकम,

तर, यस्तो मर्मती सामानहरु पूर्ववत स्थितिमा चालु राख्न वा विग्रन नदिन सम्मको हुनु पर्छ । यस्तो मर्मत कार्यले गर्दा ती कार्य क्षमता मोल वा आयु साविकमा भन्दा बढी हुने भएमा वा मौलिक आकृतिमा हेरफेर हुने भएमा यस्तो खर्च पूंजिगत खर्च मानि मिन्हा हुने छैन ।

(ग) सापटी लिएको रुपैयाँको व्याज,

तर कुनै संगठित संस्थालाई तिरेको व्याज बाहेक अरुलाई रजिष्ट्रेशन पारित नगरी गरेको लेनदेनमा तिरेको वार्षिक वीस हजार रुपैयाँ भन्दा बढी व्याज कट्टा गर्न पाइने छैन ।

(घ) प्रचलित नेपाल कानून बमोजिम तिरेको कुत, तिरो, मालपोत, भन्सार रजिष्ट्रेशन सम्वन्धी शुल्क, दस्तुर (फी) र यस्तै रकम,

(ङ) काममा लगाईएका कामदार कर्मचारीलाई दिएको पारिश्रमिक,

तर कसैलाई सबै किसिमको तलव भत्ता गरी मासिक रु. २५ हजार रुपैयां भन्दा बढी पारिश्रमिक दिएको रहेछ भने श्री ५ को सरकारको स्वीकृति भएमा बाहेक २५ हजार रुपैया भन्दा बढी भए जतिको रकम कट्टा गरिने छैन ।

(च) असुल नहुने ठह-याई श्रेस्तामा मिन्हाको लागि उल्लेख भएको रकम,

(छ) परीवहन वा भ्रमण खर्च,

(ज) डिस्काउण्ट कमिशन,

(झ) प्रशासकिय खर्च,

(ञ) आय आर्जन वा प्राप्त गर्ने काममा प्रयोग भएको अफ्नो स्वामित्व भएका मेशिन तथा अन्य सम्पत्तिहरुको किसिम र टिकाउको आधारमा तोकिए बमोजिमको दरमा नवढाई टुटफुट (डिप्रिसियशन) रकम,

(ञ१) विज्ञापन तथा अतिथि सत्कार खर्च वापत तोकिए बमोजिम बढीमा कुल आयको क्रमशः दुइ र एक प्रतिशत रकम ।

तर स्वदेशी र विदेशी पत्र पत्रिका, टेलिभिजन, रेडियो, सिनेमा विभिन्न किसिमको पेण्टिङ, पोष्टर, पाम्पलेट, पुस्तिका, क्यालेण्डर, डायरीहरु छपाई आदि प्रचार प्रसारको निमित्त गरिएको खर्च बाहेक अन्य खर्चहरुलाई विज्ञापन खर्चमा समावेश गरिने छैन र व्यापार प्रवर्धनको लागि गरिने अन्य खर्च खण्ड (ट) को अधिनमा रही कट्टा गरिनेछ ।

(ञ२) पूर्व संचालन खर्च मध्ये समदरको हिसावले वार्षिक पाँच खण्डको एक खण्ड बराबरको रकम ।

(ट) आय आर्जन वा प्राप्त गर्नको लागी भएको अन्य वास्तविक खर्च ।

(२) कुनै आय वर्षको आय त्यस भन्दा पछिको आय वर्षमा मात्र प्राप्त भएको छ भने त्यस्तो आय प्राप्त गर्ने सम्वन्धमा भएको उपदफा (१) बमोजिमको वास्तविक खर्चहरु पनि यसरी प्राप्त भएको वर्षको खर्च मानि कट्टी गरी खूद आय निर्धारण गरिनेछ ।

१२क. पेट्रोलियम उद्योग र सहकारी संस्थाको आय निर्धारण र खूद आय निकाल्ने तरीकाः दफा ७ र १२ मा जुनसुकै कुरा लेखिएको भए तापनि पेट्रोलियम उद्योग र सहकारी संस्था बाट भएको आय निर्धारण र त्यस्तो आयबाट खूद आय निकाल्ने तरीका तोकिए बमोजिम हुनेछ ।

**स्पष्टिकरणः** यस ऐनको प्रयोजनको लागि "पेट्रोलियम उद्योग" भन्नाले नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिमको पेट्रोलियम कार्य सम्झनु पर्छ ।

१३. पारिश्रामिकको खूद आय निकाल्ने तरीकाः पारिश्रमिकको खूद आय निर्धारण गर्दा निम्न खर्च कटाइनेछ :

(क) आफ्नो पारिश्रमिकवाट कट्टा गरी संचयकोषमा जम्मा गरेको रकम र काममा लगाउनेले त्यस्तो कोषमा थप गरेको रकम,

तर, कर्मचारी संचयकोष बाहेक अरु सुविधाहरुको हकमा तोकिएको अवस्थामा मात्र त्यस्तो खर्च कटाईनेछ ।

(ख) ...............

१४.	घर जग्गा बहालको खूद आय निकाल्ने तरीका: घर जग्गा बहालको खूद आय निर्धारण गर्दा बहाल प्राप्त भएको घर जग्गाको मात्र निम्न खर्च कटाइने छ :

(क)	बहाल कवुलियत बमोजिम घर धनीले मर्मत गर्नेमा सो वापत बहाल रकमको दश प्रतिशत,

(ख)	घरको बीमाको प्रिमियमको तिरेको रकम,

(ग)	घर जग्गाको कुत, तिरो र घर जग्गामा कर लागेको भए सो तिरेको रकम,

(घ)	बहालमा लगाएको घर निर्माण वा मर्मतको लागी प्रचलित कानून बमोजिम स्थापना भएको वित्तिय संस्था संग लिएको ऋणमा तिरेको प्रमाणित व्याज रकम ।

(ङ)	बहाल लगाउंदा कमिशन दिनु परेको भए सो वापत बढीमा एक महिनाको बहाल रकम,

(च)	कुनै व्यक्तिले आफ्नो घर जग्गा बहालमा लगाई आफू अर्काको घर जग्गा बहालमा लिई वसेको प्रमाणित भएमा निजले आफ्नो घर बहालमा लगाई प्राप्त गरेको बहाल रकमको एक तिहाईले हुने रकम वा निजले अरुको घर जग्गा बहालमा लिए वापत वुझाउनु पर्ने बहाल रकम मध्ये जुन घटी हुन्छ सो रकम ।

१४क.	घर जग्गा बहाल लेखाको आधारमा कायम गर्ने: दफा १४ मा जुनसुकै कुरा लेखिएको भए तापनि घर जग्गा बहाल आय प्राप्त गर्ने संगठित संस्थाले आफ्नो घर जग्गा बहालको लेखा राखी लेखा परीक्षण समेत गराएकोमा सोही लेखाको आधारमा दफा १२ बमोजिमका खर्चहरु कटाई घर जग्गा बहालको खूद आय कायम गर्न सकिनेछ ।

१५.	अन्य श्रोतको खूद आय निकाल्ने तरिका: अन्य स्रोतको खूद आय निर्धारण गर्दा सो आय आर्जन वा प्राप्त गर्ने सम्वन्धमा भएका वास्तविक खर्च कटाईनेछ ।

तर, यस दफा अर्न्तगत छुट हुने कुल खर्च सम्बन्धित आय वर्षको कुल आय भन्दा बढी हुने छैन ।

१६.	बीमा व्यवसायको खूद आय निर्धारण तरीका: (१) जीवन बीमा व्यवसायको खूद आय निर्धारण गर्दा देहायको खण्ड (क) बमोजिम भएको आयमा देहायको खण्ड (ख) बमोजिम भएको खर्च कटाई बांकी रहेको आयलाई खूद आय कायम गरी निर्धारण गरिनेछ :

(क)	आय:

(१) जीवन बीमा कोषको रकम लगानी गरे वापत भएको आय,

(२) लगानीको बेचबिखन बाट भएको आय,

(३) पूनर्वीमा बाट प्राप्त भएको कमिशन ।

(ख)	खर्च:

(१) बीमांकन जगेडा (एकच्यूरियल रिजर्भ) को लागि छुट्याइएको व्याज,

(२) नाफा सहितको बीमालेख लिने वीमीतहरुको लागि छुट्याइएको रकम,

(३) कमिशन तथा अन्य प्रशासनीक खर्च ।

(२) जीवन बीमा बाहेक अन्य बीमा व्यवसायको खूद आय निर्धारण गर्दा देहायको खण्ड (क) बमोजिम भएको आयमा देहायको खण्ड (ख) बमोजिम भएको खर्च कटाई बांकी रहेको आयलाई खूद आय कायम गरी निर्धारण गरिनेछ :

(क)	आय:

(१) प्रिमियम पाएको वा पाउने रकम,

(२) लगानी गरे वापत प्राप्त भएको आय,

(३) लगानीको बेचबिखनबाट भएको आय,

(४) पूनर्वीमाबाट भएको आय,

(५) गत आय वर्षमा संभाव्य आर्थिक दायित्वको लागि रहेको मौज्दात मध्ये खर्च नभई बांकी रहेको रकम ।

(ख) खर्चः

(१) बीमा वापत क्षतिपूर्ति दिएको रकम,

(२) पूनर्वीमा वापत प्रिमियम तिरेको वा तिर्ने रकम,

(३) बीमा कारोबार सम्वन्धमा लागेको कमिशन र डिस्काउण्ट,

(४) संभाव्य आपत्तिको लागी रहेको जगेडा कोष,

(५) लगानीको आय प्राप्त गर्ने वा लगानी गर्ने सम्वन्धमा भएको खर्च,

(६) अन्य प्रशासनीक खर्च ।

१७. खास किसिमको आय सम्वन्धमा खूद आय तोक्नेः यस ऐनको अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन वा प्रचलित नेपाल कानून बमोजिम आयकर लाग्ने कुनै खास किसिमको कारोबार वा आयको खूद आय निर्धारण गर्ने तरिका तोकिए बमोजिम वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

१७क. साना करदाताको कर निर्धारणः यस ऐनको अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको हद सम्मको आय हुने साना करदाताहरुको कर निर्धारण गर्ने तरिका र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१८. विशेष अवस्थामा सम्झौता गरी खूद आय कायम गर्न सकिनेः कुनै अन्तरराष्ट्रिय स्तरमा कारोबार गरी खास किसिमबाट आय आर्जन गर्ने वा प्राप्त गर्ने करदाताको सम्वन्धमा यस ऐनबमोजिमको कार्यविधि अपनाई खूद आय निर्धारण गर्न उचित नपर्ने देखेमा महानिर्देशकले त्यस्तो करदाता सित सम्झौता गरी खुद आय निर्धारण गर्ने व्यवस्था गर्न सक्नेछ ।

१९. फर्मको आय निर्धारणः एक भन्दा बढी मालिक भएको फर्म वा साझेदारी फर्मबाट भएको आयमा यस ऐनबमोजिम लाग्ने कर फर्मको नाममा निर्धारण गरिनेछ । यसरी निर्धारण भएको कर फर्मको मालिक वा साझेदारहरुबाट असूल उपर गरिनेछ ।

१९क. प्राइभेट लिमिटेड कम्पनीको आय निधारणः प्राइभेट लिमिटेड कम्पनीको आयमा यस ऐनबमोजिम कर निर्धारण गरी त्यस्तो कर सो कम्पनी वन्द वा विघटन भए वा नभएमा पनि सो कम्पनीको अध्यक्ष, मैनेजिङ्ग डाइरेक्टर, वर्किङ्ग डाइरेक्टर, मैनेजिङ्ग एजेण्ट वा त्यस्तो अध्यक्ष, डाइरेक्टर वा एजेण्टको काम गर्ने व्यक्तिबाट असूल उपर गरिनेछ ।

२०. नावालक वा अशक्त व्यक्तिको आय निर्धारणः नावालक वा अशक्त व्यक्तिको आय निर्धारण गर्दा त्यस्तो व्यक्तिको आय प्राप्त गर्ने र संरक्षक वा निजको जिम्मा लिने व्यक्तिबाट नावालक वा अशक्त व्यक्तिलाई लाग्ने कर निर्धारण गरी असूल उपर गरिनेछ ।

२१. दम्पत्ति र पारिवारको आय निर्धारणः (१) यस ऐन वा अन्य प्रचलित नेपाल कानून बमोजिम दम्पति वा परिवारको आयमा कर लाग्ने रहेछ भने त्यस्तो आयमा साधारणतया देहाय बमोजिम कर निर्धारण गरी असूल उपर गरिनेछ :

(क) दम्पत्तिको संयुक्त आयमा लोग्नेको नाममा कर निर्धारण गरिनेछ,

(ख) परिवारको संयुक्त आयमा परिवारको मूख्य मानिसको नाममा कर निर्धारण गरिनेछ ।

२२. अस्थायी वासिन्दाको आय निर्धारण: अस्थायी वासिन्दाको आय विवरण निजबाट लिई कर निर्धारण गर्ने वा कर लगाउन नसकिने रहेछ भने त्यस्तो व्यक्तिको मूख्य अधिकारी वा निजको तर्फबाट नेपाल अधिराज्य भित्र कारोबार गर्ने व्यक्तिबाट आयकर निर्धारण गरी असूल उपर गरिनेछ । यस्तो व्यक्ति नभएको अवस्थामा अस्थायी वासिन्दालाई आयको भुक्तानी दिने व्यक्तिबाट नै आयकर निर्धारण गरी असूल उपर गर्न सकिनेछ ।

**स्पष्टिकरण:** यस दफाको प्रयोजनको लागी अस्थायी वासिन्दाको मुख्य अधिकारी भन्नाले त्यस्तो अस्थायी वासिन्दाको आय प्राप्त गर्ने वा प्राप्त गर्ने अधिकार भएको व्यक्ति सम्झनु पर्छ ।

२३. मृत व्यक्तिको आय निर्धारण: कुनै मृतव्यक्तिको आय निर्धारण गर्दा निजको मृत्यु हुनु भन्दा पहिले नै निजले प्राप्त गरेको वा निजलाई प्राप्त हुने आयको सम्वन्धमा त्यस्तो आय उपभोग गर्ने निजका हकवालाबाट निर्धारण गरी सो मृतव्यक्ति बांचेको अवस्थामा निजलाई लाग्ने कर मृतकको हकवालाबाट असूल गरिनेछ ।

२४. आपसी मेलमिलापबाट आय लुकाएको सम्वन्धमा: (१) दुई वा सो भन्दा बढी व्यक्ति मिली वा आपसमा घनिष्ठ सम्वन्ध राखी कुनै आय आर्जन वा प्राप्त गर्ने गरेको रहेछ र यस्तो कामबाट कुनैलाई आय नै नहुने वा हुनुपर्ने भन्दा घटी आय हुन आउने गरी आपसी सर सल्लाह वा यस्तै व्यवस्था गरेको कारणबाट यस्तो आय नदेखाई लुकाएको वा कर छल्ने प्रमाणित हुन आएकोमा कर अधिकृतले यस्तो प्रकारको कामबाट सामान्य रुपमा अन्य करदातालाई हुन सक्ने आय बराबरको रकम निजको आय मानी कर निर्धारण गरिनेछ ।

(२) कुनै व्यक्तिले आफ्नो नाम नराखी अरु कसैको नाम वा कुनै नामबाट कुनै कारोबार गरेको रहेछ भने त्यस्तो कारोबारमा मुख्य नियन्त्रण वा कारोबारको वन्दोवस्त निजले नै गरी आएको र त्यस्तो कारोबारबाट भएको आयको सवै वा मुख्य हिस्सा निजले नै प्राप्त गर्ने गरी आएको भन्ने कुरा कर आधिकृतलाई यकिन भएमा सो कारोबारबाट भएको आय निजको आय मानी कर निर्धारण गरिनेछ ।

(३) कर अधिकृतले उपदफा (२) बमोजिम कर निर्धारण गर्दा कसैले अरुको नामबाट कारोबार गरेको देखेमा त्यसरी अरुको नामबाट कारोबार गर्ने व्यक्ति र जसको नामबाट त्यस्तो कारोबार गरिएको हो सो व्यक्तिलाई समेत दफा ४५ बमोजिम उपस्थित गराई वुझ्न सक्नेछ ।

२५. नोक्सानी कट्टा हुने: कुनै व्यक्तिको उद्योग, व्यापार, पेशा, व्यवसायबाट कुनै आय वर्षमा नोक्सानी भएमा लगतै त्यस पछिको आय वर्षमा नाफा नोक्सानीको हिसाव गरी बांकी रहेको खूद आयबाट सो नोक्सानी कटाइ मात्र यस्तो वर्षको कर निर्धारण गरिनेछ । यसरी नोक्सानी कटाउंदा सो आय वर्षको खूद आयबाट पुरा नकटिएमा वा काट्न नसकिने भएमा त्यस पछिको अर्को दुई वर्ष सम्म नोक्सानी सारी कट्टा गर्न पाइनेछ ।

तर,

(१) कुनै आय वर्षमा के कति नोक्सानी भयो भन्ने सम्वन्धमा खूद नोक्सानीको निर्धारण खूद आय निर्धारण गर्ने प्रकृया सरह कर अधिकृतले गर्ने छ । आय विवरण पेश नगरेकोमा खूद नोक्सानीको निर्धारण गरिने छैन ।

(२) पेट्रोलियम उद्योगको लागी बाहेक प्रचलित कानून बमोजिम आयकर नलाग्ने गरी छुट पाएको अवधिको खूद नोक्सानीलाई त्यस पछिको आयकर लाग्ने अवधिको खूद आयबाट कट्टी गरिने छैन ।

(३) पेट्रोलियम उद्योगको लागी नोक्सानी सारी कट्टा गर्ने तरिका तोकिए बमोजिम हुनेछ ।

(४) कुनै वर्ष भरिनै करदाता आफैंले कारोबार नगरेको कारणबाट हुन आएको नोक्सानीलाई कारोबार भएको वर्षको नाफाबाट कट्टा गर्न पाइने छैन ।

२६. जीवन बीमा प्रिमियम मिन्हा हुने: आय आर्जन गर्ने व्यक्तिले तोकिएको बीमा कम्पनीसंग जीवन बीमा गरी राखेको भए त्यस्तो जीवन विमा वापत तिरेको प्रिमियम खर्च मिन्हा हुनेछ ।

तर जीवन बीमा गरेको अंकको सात प्रतिशत भन्दा बढी प्रिमियम खर्च मिन्हा हुने छैन ।

२७. विवरण दाखिल गर्नु पर्ने: (१) करदाताले आफ्नो आय वर्ष समाप्त भएको मितिले तीन महिना भित्र आयको विवरण तोकिएको फाराम भरी कर अधिकृत कहां दाखिल गर्नु पर्नेछ ।

तर कुनै करदाता वा निजको तर्फबाट आय विवरण वा कर दाखिल गर्नु पर्ने कर्तव्य भएको व्यक्ति विदेश गएको वा विरामी परेको वा करदाताको अन्तिम लेखा तयार हुन नसकेको वा त्यस्तै अन्य कुनै कारण परी म्यादभित्र आय विवरण दाखिल गर्न नसकेमा सो गर्न नसकेको खास कारण उल्लेख गरी करदाताले उक्त म्यादभित्रै कर अधिकृत समक्ष निवेदन दिएमा र कर अधिकृतलाई सो कारणहरु मनासिव लागेमा बढीमा अर्को तीन महिना सम्मको म्याद थप गर्न सक्नेछ ।

(२) कुनै कम्पनीको आयवर्ष समाप्त भएको मितिले तीन महिना भित्र नाफा नोक्सानको हिसाव र वासलात लेखापरीक्षण भई नसकेको वा साधारण सभाबाट पारित हुन नसकेको भएमा आफ्नो हिसाव अनुसार तयार गरिएको नाफा नोक्सान र वासलात बमोजिमको अस्थायी (प्रोभिजनल) विवरण भरी पेश गर्नु पर्नेछ ।

(२क) उपदफा (२) बमोजिम अस्थायी विवरण पेश भएको छ महिनाभित्र सो विवरणसंग सम्वन्धित नाफा नोक्सानी र वासलात साधारण सभाबाट पारित भई कर कार्यालयमा पेश हुन नआएमा कर अधिकृतले दफा २८ बमोजिम कारवाही गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा देखिएको भए तापनि एक वर्ष भन्दा घटी अवधिको लागी काम गर्ने जुनसुकै करदाताले आफुले आय आर्जनको निमित्त गरेको काम समाप्त हुनु भन्दा अगावै आफ्नो आयको अस्थायी विवरण कर अधिकृत कहां दाखिल गर्नु पर्नेछ ।

(४) सालवसाली कर तिरी आएका करदाताले कुनै आय वर्षमा कुनै कारोबार नभएको कारणबाट कर लाग्ने आय आर्जन गरेको छैन भने त्यस्ता करदाताले आफ्नो आय विवरण पेश गर्नु पर्नेछैन । आफ्नो आय नभएको कारण उल्लेख गरी उपदफा (१) को म्यादभित्र सम्बन्धित कर कार्यालयमा सूचना दिनु पर्नेछ ।

२८. आयको विवरण दाखिल गराउने अधिकार: (१) दफा २७ बमोजिम विवरण दाखिला नगरेमा वा यो ऐन वा प्रचलित नेपाल ऐनबमोजिम आय कर लाग्ने आय भएको भनी कुनै व्यक्ति उपर शंका लागेमा कर अधिकृतले त्यस्तो व्यक्तिलाई आफ्नो आयको विवरण दाखिला गर्नु गराउनु भनी आदेश दिन सक्नेछ । सो आदेश पाएको मितिले पन्ध्र दिन भित्र आफ्नो आयको विवरण तोकिएको ढांचामा कर अधिकृत कहां दाखिल गर्नु गराउनु पर्छ ।

तर माथि उल्लेख भएको म्यादभित्र पनि विवरण दाखिल गर्न गराउन नसक्ने करदाताले सो कुराको लिखित सूचना सो आदेशमा ताकेको म्यादभित्र कर अधिकृतलाई दिनु पर्छ र सो कारण कर आधिकृतलाई मनासिव लागेमा निजले बढीमा एक महिना सम्मको थप म्याद दिन सक्नेछ । दफा २७ को उपदफा (१) बमोजिम तीन महिनाको थप म्याद दिएकोमा यस उपदफा बमोजिमको म्याद थप हुने छैन ।

(२) कर अधिकृतको विचारमा कुनै व्यक्तिले चालु आय वर्ष भित्र वा सो समाप्त हुनासाथ नेपाल अधिराज्य छोड्ने भएको छ र सो व्यक्ति तत्कालै फर्कने स्थितिमा छैन भन्ने लागेमा वा कुनै व्यक्तिले आफ्नो व्यवसाय वन्द गर्न लागेको छ भन्ने लागेमा त्यस्तो व्यक्तिलाई सात दिनको म्याद दिई आय विवरण दाखिल गर्न आदेश दिन सक्नेछ ।

२९. आय विवरण संशोधन गर्न पाउने: (१) करदाताले आय विवरण पेश गरी सके पछि त्यस्तो विवरणमा गल्ती भएको कुरा करदातालाई पछि थाहा हुन आएमा निजले कर निर्धारण भएको आदेश प्राप्त नहुँदै संशोधित विवरण पेश गर्न सक्नेछ ।

तर कर निर्धारणको आदेश भै सके पछि दफा ५६ को उपदफा (१) बमोजिम श्री ५ को सरकारबाट भएको कारवाहीको सूचना प्राप्त नहुँदै संशोधित विवरण पेश गरेकोमा सो विवरणको आधारमा पुनः कर निर्धारण वा अतिरिक्त कर निर्धारण हुंदा लाग्ने करको दश प्रतिशत थप शुल्क लाग्नेछ ।

(१क) करदाताले स्वयं कर निर्धारण विवरण पेश गरेको मितिले तीन महिना भित्र संशोधित विवरण पेश गर्न सक्नेछ । यसरी संसोधित विवरण पेश भई सो आधारमा हुने करको पच्चीस प्रतिशत थप शुल्क समेत करदाताले वुझाउनु पर्नेछ ।

तर करदाताले स्वयं कर निर्धारण विवरण पेश गरेको मितिले एक महिना भित्र संशोधित विवरण पेश गरेमा र सो संशोधित विरणबाट कर रकममा पांच प्रतिशत सम्म फरक पर्ने भएमा थप शुल्क लाग्ने छैन ।

(२) उपदफा (१) बमोजिम करदाताले संसोधित विवरण एक आय वर्षको एक पटक भन्दा बढी पेश गर्न पाउने छैन ।

३०. पारिश्रमिक आयको वार्षिक विवरण: प्रत्येक कार्यालय प्रमुख वा काममा लगाउने अधिकारीले आफ्नो कर्मचारीहरुको पारिश्रमिक आयको विवरण तोकिएको अवधि भित्र तोकिएको फाराममा निम्न कुराहरु समेत खुलाई कर अधिकृत समक्ष पठाउनु पर्नेछ :

(क) प्रत्येक व्यक्तिको नाम, ठेगाना र पाएको पारिश्रमिक रकम,

(ख) अग्रिम कर कट्टा गरेको विवरण ।

३०क. विवरण पेश गर्नु नपर्ने: पारिश्रमिक आय मात्र भएको करदाताको लाग्ने कर अग्रिम दाखिल भएको प्रमाण त्यस्तो करदाता काम गर्ने संस्थाले दिएमा त्यस्तो करदाताले कर कार्यालयमा आय विवरण पेश गर्नु पर्नेछैन ।

३१. आवश्यक जानकारी दिनु पर्ने: (१) कर अधिकृतले कुनै व्यक्ति, फर्म, कम्पनी, वैंक, वित्तिय वा अन्य संस्था वा सरकारी वा गैर सरकारी कार्यालयसंग कुनै करदाताको आय आर्जन हुने श्रोत वा कारोबारको सम्वन्धमा कुनै कुराको जानकारी माग गरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सूचना कर अधिकृतलाई दिनु सो व्यक्ति, फर्म, वैंक, वित्तिय वा अन्य संस्था र सरकारी वा गैर सरकारी कार्यालयको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको सूचना कर निर्धारणको निमित्त बाहेक अन्य काममा प्रयोग गरिने वा अरुलाई प्रकाश गरिने छैन ।

३१क. विवरण पेश गराउन सक्ने : यस ऐन अर्न्तगत दाखिल भएको आय विवरण वा आय आर्जन को निमित्त गरिएको कारोबारको सम्वन्धमा कर निर्धारणको प्रयोजनको लागी कर अधिकृतले करदातालाई कम्तीमा पन्ध्र दिनको म्याद दिई देहायका कुराहरु पेश गर्न लगाउन सक्नेछ :

(क) करदाताको हिसाव किताव सम्वन्धी आवश्यक तथ्यहरु तथा अन्य प्रमाणका कागजातहरु,

(ख) करदाताको दायित्व (लाएविलिटिज), सम्पत्ति (एसेट्स), आय व्ययका स्रोत र खर्चको विवरण तथा यस्तै आवश्यक ठानिएका अन्य विवरणहरु ।

३२. विवरण दाखिला गर्ने ठाउं: यस ऐनबमोजिम करदाताले दिनु पर्ने आय विवरणहरु देहाय बमोजिम दाखिल गर्नु पर्नेछ :

(क) सालवसाली आय विवरण दाखिल गरिरहेका करदाताले पहिले कुन कर कार्यालयमा आय विवरण दाखिल गरिएको थियो, सोही कर कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ख) कुनै करदाताले पहिले त्यस्ता आय विवरण पेश गरेको रहेनछ वा पहिले विवरण पेश गर्ने करदाताको ठेगाना परीवर्तन भएछ भने त्यस्तो करदाताले आफ्नो कारोबार वा आय आर्जनको मुख्य कार्यालय रहेको ठाउंको कर कार्यालयमा वा आफ्नो स्थायी वसोवास भएको ठाउंको कर कार्यालयमा विवरण पेश गर्नु पर्नेछ ।

तर, एक भन्दा बढी क्षेत्रमा कारोबार गरी आय आर्जन गर्ने करदाताहरुको सम्वन्धमा भने महानिर्देशकले तोकेको ठाउंको कर कार्यालयमा पेश गर्नु पर्नेछ ।

३३. कर निर्धारण गर्ने: (१) करदाताको आय विवरण प्राप्त भए पछि कर अधिकृतले सो विवरणको आधारमा खूद आय निश्चित गरी आय विवरण प्राप्त भएको वर्षको लगतै पछिको आर्थिक वर्षभित्र कर निर्धारण गरी सक्नु पर्नेछ । उक्त अवधि भित्र कर निर्धारण गर्न नसकिएमा कर अधिकृतले कारण खुलाई महानिर्देशकलाई सूचना दिनु

पर्नेछ । त्यसरी सूचना प्राप्त भए पछि महानिर्देशकले दुइ वर्षको म्याद थप गर्न सक्नेछ । उक्त थप म्यादभित्र पनि कर निर्धारण गर्न नसकिएमा त्यसको कारण खुलाई कर अधिकृतले महानिर्देशकलाइ पूनः सूचना दिनु पर्नेछ । त्यस्तो सूचना प्राप्त भए पछि महानिर्देशकले आय विवरण पेश भएको मितिले चार वर्ष भित्रै कर निर्धारण गर्नु पर्ने गरी आवश्यकता अनुसार पटक पटक गरी म्याद थप गर्न सक्नेछ ।

तर यो उपदफा प्रारम्भ हुनु भन्दा अघि आय विवरण दाखिल भै कर निर्धारणको कारवाहि भै रहेका करदाताको हकमा आय विवरण पेश भएको मितिले पांच वर्षभित्रै कर निर्धारण गर्नु पर्ने गरी त्यस्तो म्याद थप गर्न सक्नेछ ।

(२) करदाताले आय विवरण दाखिल नगरेमा वा झुठ्ठा विवरण दाखिल गरेमा वा कारोबारको लेखा नराखेमा वा राखेको लेखालाई मान्यता दिन नमिल्ने भएमा कर अधिकृतले देहायका कुनै आधारमा खूद आय कायम गरी कर निर्धारण गर्न सक्नेछ :

(क) करदाताको दायित्व, सम्पत्ति, आय व्ययको स्रोत र विवरणहरु,

(ख) करदाताको आय निर्धारण हुने आय वर्ष भित्र सो करदाताको कारोबार सम्वन्धमा कर निरीक्षकले प्रतिवेदन दिएको भए सो प्रतिवेदनको आधार,

(ग) कर अधिकृतले करदाताको कर निर्धारण गर्ने आर्थिक वर्षको कारोबारको विषयमा कर निरीक्षक मार्फत प्रतिवेदन लिएको भए सो प्रतिवेदनको आधार,

(घ) यस्तै किसिमका अरु करदाताको यस्तै किसिमको कारोबार वा व्यवसायमा के कति खूद आय निर्धारण भएको छ सो आधार,

(ङ) कर अधिकृतले त्यस्तो करदाताको सम्वन्धमा प्राप्त गरेको वा संकलन गरेका प्रमाण वा आधार,

(च) कर अधिकृतले आफैले सो करदाताको विषयमा वुझेको आधार,

(छ) करदाताको विषयमा कर कार्यालयमा प्राप्त भएको कुनै तथ्यपूर्ण प्रतिवेदन वा आधार ।

<u>स्पष्टिकरणः</u> यस दफाको प्रयोजनको निमित्त "झुठ्ठा विवरण" भन्नाले दफा ५६ को उपदफा (२) मा तोकिएको कुनै वा सवै अवस्थालाई जनाउंछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राप्त भएको आय विवरण छानविन वा जांचवुझ गर्दा कर अधिकृतले यस ऐनबमोजिम कट्टी गर्न पाउने खर्च कट्टा गरी आय तर्फ समावेश गर्नु पर्ने अन्य रकमहरु भए सो समेत समावेश गरी खूद आय कायम गरी कर निर्धारण गर्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम खूद आय निर्धारण गर्दा कर अधिकृतले त्यसरी आय निर्धारण गर्नु परेको आधार स्पष्ट खुलाई करदातालाई लिखित सूचना दिई आफ्नो आय सम्वन्धमा केही कुरा भन्न वा सवूद प्रमाण पेश गर्न ७ (सात) दिनको म्याद दिनु पर्नेछ ।

(५) दफा २७ को उपदफा (२) बमोजिम आय विवरण पेश गर्नु पर्ने कम्पनीले आफ्नो कारोबारको अस्थायी विवरण पेश गरेमा यस ऐनको अन्य दफाहरुको व्यवस्थामा प्रतिकूल असर नपर्ने गरी कर अधिकृतले त्यस्तो विवरणको आधारमा अस्थायी (प्रोभिजनल) कर निर्धारण गर्न सक्नेछ ।

३३क. <u>स्वयं कर निर्धारण सम्वन्धी व्यवस्थाः</u> (१) करदाताले स्वयंकर निर्धारण गर्नको निमित्त आफ्नो खूद आय कायम गरी स्वयं कर निर्धारणको फारममा विवरणहरु पेश गरी आफ्नो स्वयं कर निर्धारण गर्न सक्नेछ ।

तर प्रचलित कानून बमोजिम लेखा राख्न अनिवार्य भएका करदाताहरुले आफनो आयको स्वयं कर निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करदाताले स्वयं कर निर्धारणको फाराममा पेश गरेको विवरणहरु छानविन गर्दा कुनै त्रुटी फेला परेमा वा घटी कर निर्धारण भएको देखिएमा कर अधिकृतले यस ऐनबमोजिम अन्तिम कर निर्धारण गर्न सक्नेछ ।

३३ख. <u>स्वयं कर निर्धारणको प्रक्रिया तोक्ने:</u> स्वयं कर निर्धारणको प्रक्रियाहरु निश्चित गर्न महानिर्देशकले देहायका व्यवस्थाहरु गर्न सक्नेछ :

(क) स्वयं कर निर्धारणको प्रक्रिया निर्धारित गर्ने,

(ख) स्वयं कर निर्धारणको विवरण साथ पेश हुने फारामको ढांचा तोक्ने,

(ग) अनिवार्य रुपमा स्वयं कर निर्धारण गर्ने करदाताको वर्ग तोक्ने,

(घ) स्वयं कर निर्धारण उचित अनुचित छानविन गर्ने आधार तोक्ने ।

३३ग. <u>स्वयं कर निर्धारणको विवरण प्रमाणित हुनुपर्ने:</u> करदाताले स्वयं कर निर्धारणको प्रयोजनको निमित्त आफ्नो आय विवरण र सो संग सम्बन्धित खाता वहि कर कार्यालय समक्ष पेश गर्दा स्विकृत लेखापरिक्षक द्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

३४. <u>पुनः कारवाही गरी कर निर्धारण गर्ने अधिकार:</u> (१) कर निर्धारण भई नसक्दै सो कर निर्धारण सम्वन्धी कुनै कारवाही अनियमित हुन लागेको वा भएको छ भन्ने कुरा महानिर्देशकलाई प्राप्त सूचनाबाट विश्वसनीय देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले पुनः कारवाहि गरी कर निर्धारण गर्न सम्बन्धित कर अधिकृतलाई निर्देशन दिन वा अन्य कुनै कर अधिकृतलाई सो काम गर्ने आदेश दिन सक्नेछ ।

(२) कर निर्धारण गर्दा कर अधिकृतले पालन गर्नु पर्ने कर निर्धारण सम्वन्धी कुनै कुरा पालन नगरी वा अनियमित गरी वा लापरवाहि गरी करको दायित्व वढ्न गएको छ भने कुराको करदाताको निवेदन कर निर्धारण आदेश प्राप्त भएको मितिले पैंतिस दिन भित्र परेमा र सो कुरा छानविन गर्दा सत्य देखिन आएमा कारण खोली पर्चा खडा गरी महानिर्देशकले सो कर निर्धारण आदेश रद्ध गरी पुनः कर निर्धारण गर्न आदेश दिन सक्नेछ । यसरी पुनः कर निर्धारण गर्ने आदेश दिएकोमा महानिर्देशकले सो कुराको सूचना तिन दिन भित्र श्री ५ को सरकारलाई दिनु पर्नेछ ।

तर कर निर्धारण आदेश उपर दफा ५७ बमोजिम पुनरावेदन परी सकेको अवस्थामा महानिर्देशकले यस उपदफा बमोजिम आदेश दिन सक्ने छैन ।

(२क) उपदफा (२) बमोजिम निवेदन दिने करदाताले वुझाउन बांकी करको एक तिहाई रकम धरौटी राख्नु पर्नेछ ।

तर कर निर्धारणमा विवाद नदेखिएको बूदाको हकमा निधारित करको पुरै रकम चुक्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र निवेदन दिन नसक्ने मनासिव कारण भएमा सोही म्यादभित्र स्पष्ट कारण खोली सम्बन्धित करदाताले महानिर्देशक समक्ष थप म्यादको लागी निवेदन गर्न सक्नेछ । यसरी परेको निवेदनमा उल्लेखित कारण मनासिव देखेमा दफा ५७ बमोजिम पुनरावेदन परि सकेको रहेनछ भने महानिर्देशकले बढीमा अर्को तीस दिन सम्मको थप म्याद दिन सक्नेछ ।

(४) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम निवेदन परी सो उपर अन्तिम निर्णय नभए सम्मको लागि दफा ३७ को उपदफा (२) वा (३) बमोजिमको शुल्क लाग्ने छैन ।

तर करदाताको निवेदन जिकिर पुरै वा आशिंक रुपमा नठहर्ने गरी निर्णय भएमा त्यसरी जिकिर नठहर्ने गरी भएको निर्णयको हद सम्मको रकममा करदाताले दफा ३७ को उपदफा (३) बमोजिम लाग्ने शुल्क वुझाउनु पर्नेछ ।

(५) दफा ५७ मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम निवेदन परी महानिर्देशकको आदेश अनुसार भएको पुनः कर निर्धारण उपर पुनरावेदन लाग्ने छैन ।

तर देहायको कुनै प्रश्नमा प्रत्यक्ष कानूनी त्रुटी भई महानिर्देशक वा निजले तोकेको अधिकृतले दिएको निर्णय पूर्ण वा आंशिक रुपमा उल्टिने देखि पुनरावेदन अदालतले आफू समक्ष पुनरावेदन गर्न अनुमती दिएकोमा मात्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ :

(क) अधिकार क्षेत्रको प्रश्न,

(ख) कानूनको व्याख्याको प्रश्न,

(ग) वुझ्नु पर्ने प्रमाण नवुझेको वा वुझ्न नहुने प्रमाण वुझेको प्रश्न, वा

(घ) वाध्यात्मक रुपमा पालन गर्नु पर्ने कार्यविधि सम्वन्धी कानून उल्लंघन भएको भन्ने प्रश्न ।

३५. अग्रिमकर असुली गर्न सक्नेः (१) नेपाल आयकर ऐन, २०१९, यो ऐन वा प्रचलित नेपाल कानून बमोजिम कर तिर्नु पर्ने व्यक्ति गैरनेपाली नागरिक वा अस्थायी वासिन्दा भई सो व्यक्ति कर छलि भागी जाने कुरा कर अधिकृतलाई विश्वास लागेमा वा कर तिर्नु पर्ने कुनै व्यक्तिले कर छल्ने नियतले आफ्नो फर्म वा कारोबारको नाम वा स्थल परीवर्तन गरेमा निजको आय वर्ष समाप्त हुनु अगावै वा आय विवरण दाखिल गर्ने म्याद बांकी रहे तापनि वा कर निर्धारण हुनु अगावै वा कर दाखिल गर्ने म्याद बांकी रहे तापनि वा कर निर्धारण आदेश प्राप्त हुने वित्तिकै त्यस्तो व्यक्तिलाई लाग्न सक्ने कर अग्रिम रुपमा धरौटी दाखिल गर्न वा लागेको कर दाखिल गर्न कर अधिकृतले आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकम वापत धन जमानी दिन सकिनेछ । धरौटी वा धन जमानी नदिए सम्म त्यस्तो व्यक्तिलाई कर अधिकृतले रोक्का वा थुनामा राख्न सकिनेछ ।

(३) उपदफा (१) मा उल्लेख गरिएदेखि बाहेक अन्य करदाताहरुको सम्वन्धमा यस ऐनबमोजिम तोकिएको म्यादभित्र आय विवरण पेश नभएमा वा आय विवरण पेश भै उक्त विवरणको कर निर्धारण तत्काल हुन नसक्ने स्थिति भएमा यस ऐनबमोजिमको अन्य कारवाहि र कर निर्धारणमा कुनै प्रतिकूल असर नपर्ने गरी कर निर्धारण भै सकेको सवभन्दा पछिल्लो वर्षको कर निर्धारण बमोजिमको खूद आयमा वा पेश भएका विवरण बमोजिमको खूद आयमा लाग्ने करको रकम अग्रिम रुपमा कर अधिकृतले बढीमा पैंतीस दिनको म्याद दिई धरौटी दाखिल गराउन सक्नेछ ।

(४) उपदफा (३) अर्न्तगतको आदेशमा चित्त नवुझ्ने करदाताले त्यस्तो आदेश पाएको मितिले पैंतीस दिन भित्र महानिर्देशक समक्ष निवेदन गर्न सक्नेछ ।

तर करदाताले दफा ५७ बमोजिम कर अधिकृतको आदेश उपर राजश्व न्यायाधिकरणमा पुनरावेदन दिएमा महानिर्देशक समक्ष निवेदन गर्न सक्ने छैन ।

३५क. अग्रिम कर दाखिल गर्नु पर्नेः (१) यस ऐनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको खास वर्गका करदाताहरुले आफ्नो आय वर्ष भुक्तान भए पछि दाखिल गर्नु पर्ने आय विवरण दाखिल गर्दा विवरण अनुसार र आफ्नो आयमा लाग्ने करको रकम विवरण साथै अग्रिम रुपमा दाखिल गर्नु पर्नेछ ।

(२) आर्थिक वर्ष ०३७०३८ देखि सवै करदाताले उपदफा (१) बमोजिम अग्रिम कर दाखिल गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम अग्रिम कर दाखिल गर्ने करदाताहरु मध्ये यो उपदफा प्रारम्भ हुनु भन्दा अघि अग्रिम कर दाखिल गर्ने करदाताको हकमा अग्रिम कर दाखिल गरेको मितिले पांच वर्ष भित्र र यो उपदफा प्रारम्भ भए पछि अग्रिम कर दाखिल गर्ने करदाताको हकमा अग्रिम कर दाखिल गरेको मितिले चार वर्ष भित्र कर निर्धारण नभएमा त्यस्तो करदाताले पेश गरेको विवरण अनुसार दाखिल गरेको अग्रिम कर नै यस ऐनबमोजिम निर्धारित कर मानिनेछ ।

तर -

(१) यो उपदफा प्रारम्भ हुनु अघि अग्रिम कर दाखिल गर्ने करदाताको हकमा कर दाखिल गरेको मितिले पांच वर्ष भित्र र यो उपदफा प्रारम्भ भए पछि अग्रिम कर दाखिल गर्ने करदाताको हकमा कर दाखिल गरेको मितिले चार वर्ष भित्र कर निर्धारणको सिलसिलामा कर अधिकृतले त्यस्तो करदातालाई कर कार्यालयमा उपस्थित हुन वा कुनै प्रमाण पेश गर्न आदेश दिएकोमा करदाता उपस्थित नभएमा वा निजले प्रमाण पेश नगरेमा त्यस्तो करदाताको हकमा यो उपदफा लागु हुने छैन । यसरी

करदातालाई कर कार्यालयमा उपस्थित हुन आदेश दिंदा आदेशको सूचना राष्ट्रिय स्तरको कुनै पत्र पत्रिकामा प्रकाशित गरिकन पनि दिन सकिनेछ ।

(२) उपदफा (१) वा (२) बमोजिम करदाताले झुठ्ठा आय विवरण दाखिल गरेमा दफा ५६ बमोजिम पुनः कर निर्धारण गर्न वा अतिरिक्त कर निर्धारण गर्न वाधा पर्नेछैन ।

(४) उपदफा (३) को प्रतिवन्धात्मक वाक्यांश (१) बमोजिम करदातालाई उपस्थित हुन वा सवूद प्रमाण पेश गर्न दिईएको आदेशमा तोकिएको म्याद भुक्तान भएको मितिले ६ महिना भित्र कर निर्धारण गरिसक्नु पर्नेछ ।

३६. श्रोत मै कर कट्टा गर्नु पर्नेः- (१) कुनै व्यक्तिलाई पारिश्रमिक, बहाल, कमिशन, वोनस, मुनाफाको हिस्सा व्याज वा आयकर लाग्ने यस्तै अन्य कुनै रकम भुक्तनी दिंदा सो भुक्तानी दिने व्यक्तिले यस्तो रकममा यो ऐनमा प्रचलित नेपाल कानून बमोजिम लाग्ने कर कटाउनु पर्नेछ । त्यसरी कर कट्टा गरिएको निस्सा कर कटाएकै वखत भुक्तानी पाउनेलाई दिनु पर्नेछ । र यसरी कट्टा गरिएको रकम कट्टा गरेको पन्ध्र दिन भित्र श्री ५ को सरकारमा वुझाई त्यसको विवरण कर अधिकृत समक्ष दाखिल गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयकर कट्टी गर्दा वर्ष भरीको रकम ठेकिएको भए वर्ष समाप्त भए पछि सो व्यक्तिवाट ठेकिएको रकम वा असूल उपर हुनुपर्ने आयकरको दामासाहीले हिसाव गरी कट्टा गर्नु पर्छ ।

(३) कुनै व्यक्तिले उपदफा (१) बमोजिम कर कट्टा गर्नु पर्नेमा सो नगरी छुटाएमा वा घटीबढी हुने गरी कट्टा गरी बुझाएमा कट्टी गर्न छुट भएको वा घटीबढी वुझाएको रकम अर्को पटकको भुक्तानीबाट मिलाइ कट्टा गर्नु पर्नेछ ।

(४) यस दफामा लेखिएको कुनै कुराले कर असूल उपर गर्ने अन्य कुनै तरिकालाइ वाधा पुऱ्याउने छैन ।

३७. आयकरको भुक्तानीः (१) यस ऐनबमोजिम कर निर्धारणको आदेश प्राप्त भए पछि करदाताले सो आदेश प्राप्त भएको मितिले पैंतिस दिन भित्र सोही आदेशमा तोकिएको वैंक वा कार्यालयमा कर रकम दाखिल गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र निर्धारित कर रकम दाखिल गर्न नसक्ने मुनासिव कारण भएमा जरिवाना लागेको भए जरिवानाको रकम सोही म्यादभित्र दाखिल गरी बांकी करको रकमको हकमा करदाताले एकै पटक वा किस्तावन्दीमा तिर्ने गरी थप म्यादको निमित्त कर अधिकृत समक्ष निवेदन गर्न सक्नेछ । यसरी प्राप्त निवेदनमा उल्लेखित कारण मनासिव देखेमा कर अधिकृतले सो कर निर्धारण आदेश करदाताले पाएको पैंतीस दिन भुक्तान भएको मितिले बढीमा नौ महिना सम्मको थप म्याद दिन सक्नेछ । भुक्तानी गर्न बांकी रहेको रकममा देहाय बमोजिमको थप म्यादमा देहाय बमोजिम शुल्क लाग्नेछ :

(क) ..................................

(ख) तीन महिना सम्म ................ तीन प्रतिशत,

(ग) ६ महिना सम्म .................... पांच प्रतिशत,

(घ) नौ महिना सम्म .................. सात प्रतिशत ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र वा उपदफा (२) बमोजिम म्याद थपिएको भए सो थप म्यादभित्र कर दाखिल नगर्ने करदातालाई त्यस्तो करको वार्षिक पच्चिस प्रतिशत शुल्क समेत लाग्नेछ । बांकी कर र शुल्क समेतको रकम कर अधिकृतको सूचना अनुसार तोकिएको अधिकारी वा कार्यालयबाट निम्नलिखित कुनै वा सवै तरिका अपनाई असूल उपर गरिनेछ :

(क) करदाताको चल वा अचल सम्पत्ति रोक्का गर्ने वा कब्जा गर्ने,

(ख) करदाताको नाममा कुनै सरकारी कार्यालय वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थामा रहेको धरौटी वा त्यस्तो कार्यालय वा संस्थाले करदातालाई तिर्नु वुझाउनु पर्ने रकम रोक्का गर्ने वा त्यस्तो रकम कर कार्यालयमा दाखिल गर्न लगाउने,

(ग) करदाताको कारोबार तथा निकासी पैठारी रोक्का गर्ने,

(घ) करदाताको नाममा रहेको चल वा अचल सम्पति सबै वा केही एकै पटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गर्ने ।

(४) उपदफा (३) को खण्ड (घ) बमोजिम करदाताको सम्पतिको लिलाम बिक्रीको कारवाहि शुरु भै सकेपछि लिलाम बिक्री समाप्त हुन अगावै बांकी रकम दाखिल गर्न ल्याएमा लाग्ने कर, शुल्क र जरिवानाको कुल रकमको सयकडा पांचका दरले थप शुल्क समेत लगाई असूल गरी लिलाम बिक्री वन्द गर्न सकिनेछ ।

(५) उपदफा (३) को खण्ड (घ) बमोजिम करदाताको सम्पत्तिको लिलाम बिक्रीबाट उपर भएको रकम निज करदातासंग असुल गर्न बांकी भएको रकम भन्दा बढी भएमा यस्तो बढी भएको रकम करदातालाई फिर्ता गरिनेछ ।

३७क. कर नतिरे समम थुनामा राख्न सकिने: कुनै करदाताले कर छल्ने नियतले आय विवरण दाखिल गरे पछि वा दाखिल नगर्दै वा कर निर्धारण भएपछि वा नहुदै आफ्नो सम्पति वा कारोबार अरु कसैलाई कुनै तवरले हस्तान्तरण गरेमा वा निजले दफा ३७ को उपदफा (१) वा (२) मा तोकिएको म्यादभित्र निर्धारित कर दाखिल नगरेमा सो दफामा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो करदातालाई निजले यस ऐनबमोजिम दाखिल गर्नु पर्ने कर दाखिल नगरे सम्म श्री ५ को सरकारको आदेशले थुनामा राख्न सक्नेछ ।

तर, त्यसरी आदेश दिंदा श्री ५ को सरकारले ६ महिना भन्दा बढी अवधि सम्म थुनामा राख्न आदेश दिन सक्ने छैन ।

३८. कर फिर्ता: कुनै व्यक्तिको कुनै आय वर्षमा लाग्न सक्ने कर कुनै किसिमबाट अग्रिम दाखिल गरेको वा अग्रिम कट्टी भएकोमा अन्तिम कर निर्धारण हुंदा लाग्ने भन्दा बढी दाखिल भएको ठहरिन आएमा कर अधिकृतले सो बढी रकम ६ महिना भित्र फिर्ता दिई सक्नु पर्नेछ ।

३९. फिर्ता पाउने रकममा पछि दाबी नलाग्ने: दफा ३७ को उपदफा (५) वा दफा ३८ बमोजिम फिर्ता पाउने रकम यस्तो रकम फिर्ता पाउने सूचना प्राप्त भएको मितिले दुई वर्षभित्र फिर्ता लिन आउनु पर्नेछ । सो अवधि भित्र फिर्ता लिन नआएमा सो रकममा पछि करदाताको कुनै दावी लाग्ने छैन ।

४०. आय निर्धारण समिति गठन गर्ने सक्ने: (१) यस ऐनको अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा कुनै करदाता वा खास वर्गका करदाताबाट असूल उपर गर्नु पर्ने कर निर्धारण गर्ने प्रयोजनको निमित्त खूद आय निर्धारण गराउनको लागी श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एक जना अध्यक्ष र बढीमा अरु चार जना सदस्यहरु भएको आय निर्धारण समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिको गण पूरक संख्या तीन हुनेछ ।

(३) वहुमतको निर्णय मान्य हुनेछ । साधारणतः अध्यक्षले मत दिन पाउने छैन, तर मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम गठित समितिले खूद आय निर्धारण गर्दा सो समितिले दफा ३३ को उपदफा (२) मा उल्लेख भएका आधारहरुको अतिरिक्त श्री ५ सरकारले अन्य कुनै आधार तोकेको छ भने सो आधारमा समेत खूद आय निर्धारण गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको समितिको निर्णय प्राप्त भएपछि कर अधिकृतले सो निर्णय अनुसारको खूदआयमा यस ऐन र प्रचलित नेपाल कानूनबमोजिम लाग्ने कर निर्धारण गर्ने छ ।

४१. छुट दिन नसकिने: यस ऐनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको खूद आय निर्धारण गर्दा देहायका खर्चहरु कट्टा गरिने छैन:

(क) कुनै व्यक्तिगत वा घरेलु खर्चहरु,

(ख) यो ऐन वा प्रचलित नेपाल कानून बमोजिम आयमा लागेको कर,

तर, आयकर वा यस्तै प्रकारको कुनै कर नेपाल अधिराज्य वाहिर तिरेको रहेछ भने त्यसरी तिरेको रकम सम्म खर्च कट्टा गरिनेछ,

(ग) यस ऐनबमोजिम अग्रिम वा श्रोतमा आयकर कट्टा गरी मात्र भुक्तानी दिनु पर्नेमा सो कर कट्टा नगरी भुक्तान गरेकोमा यसरी भुक्तानी भएको रकम,

तर, कुनै वैंक वा अन्य वित्तिय संस्था वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थालाई व्याज वा यस्तै अन्य रकम वापत भुक्तानी गरेकोमा लाग्ने करको रकम कट्टी नगरेको भए पनि त्यस्तो रकम मिन्हा गर्न सकिनेछ,

(घ) पूंजीगत खर्च वा पूंजीको नोक्सानी,

(ङ) पव्लीक लिमिटेड कम्पनी बाहेक अरु करदाताको आफ्नो हिस्सेदार वा एकाई भित्रको सदस्यहरुलाई दिएका पारिश्रमिक, व्याज, कमिशन, बहाल वा वोनस । तर फर्म वा कम्पनीका मुख्य काम गर्न तोकेको हिस्सेदार वा संचालकलाई दिएको मुनासिव माफिकको पारिश्रमिक कट्टा गर्न सकिनेछ ।

(च) नियमित पारिश्रमिकको अतिरिक्त दिइने विभिन्न किसिमको कमिशन डिस्काउण्ट आदि,

तर, पारिश्रमिक नपाउने गरी दिईएका मुनासिव माफिकको कमिशन मात्र खर्चको रुपमा कट्टा गर्न सकिनेछ,

(छ) आफ्नै घर जग्गा वा अन्य सम्पत्तिको बहाल,

(ज) जगेडा कोष र यस्तै खूद मुनाफा वाट्ट छुट्याईएको अन्य रकमहरु,

तर प्रचलित कानून बमोजिम खूद मुनाफावाट छुट्याउनु पर्ने खर्च रकम, नेपाल राष्ट्र वैंकले तोके बमोजिम बैंक वा वित्तिय संस्थाहरुले जोखिम व्यहोर्ने कोषमा राखेको असूल हुन बांकी ऋण रकमको बढीमा तिन प्रतिशत सम्मको रकम र व्याज मुल्तवी रहेको रकमलाई खर्चको रुपमा कट्टा गरिनेछ । यसरी जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनि मुनाफाबाट खर्च लेखिएमा मिन्हा हुने छैन र सो कोषमा रहेको रकम पूंजीकृत गरिएमा वा मुनाफा वा लाभांश वांडफांड गरिएमा जुन वर्ष वांडफांड गरिएको छ सोही वर्षको आयमा समावेश गरिनेछ ।

(झ) आय आर्जन वा प्राप्त गर्ने काम संग सम्वन्ध नभएका खर्चहरु ।

४२. <u>आयकर छुट :</u> (१) यस ऐन वा प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका आयमा कर लाग्ने छैन :

(क) विदेशी राष्ट्रको नेपाल अधिराज्य स्थित कुटनैतिक प्रतिनिधीहरु तथा कुटनैतिक नियोगका नेपाल अधिराज्यमै भर्ना गरिएका बाहेकको अरु विदेशी कर्मचारीहरुलाई दिईने पारिश्रमिक,

(ख) कर तिर्नु नपर्ने शर्तमा श्री ५ को सरकारको सेवामा नियुक्त भएको विदेशी नागरिकलाई दिईने पारिश्रमिक,

(ग) श्री ५ को सरकारलाई सल्लाह वा सहायता दिनको लागी नेपाल अधिराज्य भित्र वसेको विदेशी नागरिकलाई विदेशी सरकारबाट वा विदेशी संस्था वा अन्तराष्ट्रिय संस्थाबाट दिईने पारिश्रमिक,

(घ) प्रचलित कानून बमोजिम कर्पोरेट आयकर तिर्नु पर्ने बाहेक अरु कुनै कम्पनी वा फर्मको मुनाफामा सामुहीक रुपले कर लागी सकेको भए त्यसको प्रत्येक हिस्सेदारले सो आम्दानी मध्ये पाएको आफ्नो हिस्सा,

(ङ) गुठीको आयस्ता,

(च) गाउं विकास समिति, जिल्ला विकास समिति, नगरपालिका र मुनाफाको उद्धेश्यले गठन भएको देखी बाहेकको प्रचलित नेपाल कानूनबमोजिम दर्ता भएको वा स्वीकृति प्राप्त गरेको सार्वजनिक संस्था वा शिक्षण संस्थाको आय,

(छ) श्री ५ को मन्त्री, राज्य मन्त्री, सहायक मन्त्रीलाई दिइने पारिश्रमिक बाहेक श्री ५ को सरकारबाट दिइने अन्य सुविधा,

(ज) कर्मचारी संचय कोषको आम्दानी,

(झ) कुनै कर्मचारीले संचयकोषमा जम्मा गरे वापत पाउने सांवा, व्याज र वोनस समेतको फिर्ता पाउने रकम,

तर कर्मचारी संचयकोष बाहेक अरु संचयकोषको हकमा तोकिएको अवस्थामा मात्र त्यस्तो करको छुट दिइनेछ ।

(ञ) जीवन बीमा बाट क्षतीपूर्ति वापत वा बीमा अवधि भुक्तान भए पछि पाउने रकम,

(ट) विदेश स्थित कुनै फर्म, कम्पनी वा व्यक्तिले वैंक मार्फत प्रतित पत्र वा वैंक ड्राफ्टद्वारा सोझै विदेशमा रकम भुक्तानी पाउने गरी नेपालमा मालसामान आपूर्ति मात्र गरी प्राप्त गरेको आय,

(२) औद्योगिक व्यवसाय सम्वन्धी प्रचलित नेपाल कानूनमा पूर्ण वा आंशिक रुपले आयकर नलाग्ने गरी व्यवस्था भएको उद्योगहरुलाई सोही बमोजिम औद्योगिक आयमा कर छुट हुनेछ । यसरी कर छुट भएको तोकिएको उद्योगको औद्योगिक आयको हकमा कर अधिकृतले छुट्टै कर निर्धारण गरी त्यस्तो छुट दिनेछ ।

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै व्यक्ति वा कुनै खास किसिमको आयमा लाग्ने कर पूर्ण वा आंशिक रुपले छुट दिन सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम कर छुट पाएका व्यक्तिहरुले पनि यो ऐनबमोजिम दाखिल गर्नु पर्ने आयको विवरण र त्यसको पुष्ट्याईको निमित्त चाहिने सबै प्रमाण कर अधिकृत समक्ष दाखिल गर्नु पर्नेछ ।

४३. <u>सार्वजनिक हितको लागि गरिएको खर्च आयमा कट्टा गर्न सकिने:</u> (१) नेपाल आधिराज्य भित्र गरिने धार्मिक कार्य वा सार्वजनिक हितको लागी करदाताले खर्च गरेको वा चन्दा दिएको बढीमा एक लाख रुपैयांसम्म वा करदाताले देखाएको खूद आयको पांच प्रतिशत मध्ये जुन घटी हुन्छ सो हद सम्मको रकम करदाताको आय निर्धारण गर्दा खर्च वापत कट्टा गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास अवस्थामा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको कुनै खास कार्यको लागी करदाताले खर्च गरेको वा चन्दा दिएको रकम करदाताको आय निर्धारण गर्दा खर्च वापत पूर्ण वा आंशिक रुपमा कट्टा गर्न पाउने गरी तोक्न सक्नेछ ।

४४. <u>मिन्हा दिन सक्ने:</u> यस ऐनबमोजिम लागेको वा लाग्ने जरिवाना शुल्क वा थप शुल्क कुनै खास अवस्थामा छुट वा मिन्हा दिनु पर्ने आवश्यक देखेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आंशिक वा पूर्ण रुपमा छुट वा मिन्हा दिन सक्नेछ ।

४४क. <u>वक्यौता कर मिन्हा गर्ने:</u> श्री ५ को सरकारले तोकिएको अवस्थामा तोकिए बमोजिम वक्यौता कर मिन्हा गर्न सक्नेछ ।

४५. <u>अदालतलाई भए सरहको अधिकार हुने:</u> (१) यस ऐनबमोजिम दाखिल हुन आएको आय विवरणको जांचबुझको प्रयोजनकोलागी त्यस्तो विवरण दाखिल गर्ने व्यक्तिलाई झिकाउने, वयान लिने, प्रमाण बुझ्ने र कागजपत्रहरु दाखिल गराउने सम्वन्धमा कर अधिकृतलाई प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश दिंदा कुनै करदाता वा निजको वारेशले कर अधिकृतले मागेको कुनै विवरण वा जानकारी नदिएको कारणबाट हुन सक्ने दायित्व समेत उल्लेख गरी करदातालाई लिखित सूचना दिई यस ऐनबमोजिम अरु कारवाही गर्न सकिनेछ ।

४६. करदाताको जांच तथा खानतलासी लिने र अभिलेखहरु प्राप्त गर्ने अधिकार: (१) कुनै करदाताले कर छल्ने उद्येश्यले कुनै काम गरेको वा गर्न लागेको छ भन्ने श्री ५ को सरकारलाई लागेमा श्री ५ को सरकारले तोकिदिएको अधिकारीद्वारा त्यस्तो करदाताको आय आर्जनसंग संवन्धित ठाउंमा प्रवेश गरी जांच गर्ने, खानतलासी लिने वा सम्बन्धित अभिलेख वा प्रमाणहरु आवश्यक अवधि सम्म आफ्नो कब्जा वा नियन्त्रणमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै ठाउंको जांच वा खानतलासी गर्नु पर्ने भएमा सो ठाउंमा वसेको वा जिम्मा लिएका व्यक्तिलाई जांच र खानतलासी लिन खोजेको कारण खोली सो कुराको सूचना दिनु पर्छ र सो बमोजिम सूचना पाएका व्यक्तिले पनि जांच वा खानतलासी लिन आएको कर्मचारीलाई वाधा रोकावट नगरी सरासर प्रवेश गर्न दिनु पर्छ ।

(३) उपदफा (२) बमोजिम जांच वा खानतलासी लिने ठाउंमा वस्ने व्यक्तिले जांच वा खानतलासी लिने कर्मचारीलाई प्रवेश गर्न नदिएमा सो कर्मचारीले त्यस ठाउंमा रहे वसेको स्वास्नी मानिसहरुलाई हट्ने सूचना र मौका दिई आवश्यकतानुसार वाहिरी वा भित्री कुनै झ्यांल ढोका वा छेस्किनी खोली तोडी वा फोडी सूर्योदय देखि सूर्यास्त सम्म कुनै समयमा भित्र पसि जांच वा खानतलासी लिन सक्नेछ ।

(४) यस दफा बमोजिम जांच र खानतलासी लिंदा त्यस्तो जांच वा खानतलासी भएको कुरा र संकलन गरेका अभिलेखहरुको विवरण सम्बन्धित कर्मचारीले सात दिन भित्र श्री ५ को सरकारमा पठाउनु पर्नेछ ।

४७. ठेक्का धरौटी फुकुवा गर्ने: (१) प्रचलित कानून वा ठेक्का कवुलियतमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी कार्यालय वा अन्य कुनै संस्थाले कुनै व्यक्ति वा संस्था संग एक लाख रुपैया भन्दा बढीको ठेक्का वन्दोवस्त गरेकोमा त्यस्तो ठेक्काको ठेक रकम भुक्तानी दिंदा वा लिंदा सो भुक्तानी हुने रकमको पांच प्रतिशतले हुने रकम अग्रिम आयकर वापत कट्टा गरी सम्बन्धित कर कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

तर धरौटी रहने ठेक्काको ठेक रकम भुक्तानी दिंदा वा लिंदा त्यस्तो ठेक्कामा अग्रिम आयकर वापत कुनै रकम कट्टा गरिने छैन ।

(२) उपदफा (१) बमोजिम अग्रिम आयकर वापत कट्टा गरेको रकम र प्रचलित कानून बमोजिम अन्य कुनै कर लाग्ने भए सो समेत कर कार्यालयमा दाखिल गरेको कर भुक्तानी प्रमाणपत्र पेश गरे पछि ठेकदारले राखेको धरौटी ठेक्का दिने कार्यालय वा संस्थाले फिर्ता दिन सक्नेछ ।

(३) कर अधिकृतले यो ऐनबमोजिम कर निर्धारण गर्दा यस उपदफा (२) बमोजिम प्राप्त हुन आएको अग्रिम आयकर रकम बढी हुन आएमा सो बढी रकम जति ठेकदारलाई फिर्ता दिनेछ र नपुग भएमा त्यस्तो नपुग कर रकम ठेकदारवाट्ट असूल उपर गर्ने छ ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी वासिन्दा वा गैर नेपाली नागरिकले पच्चिस हजार रुपैयां भन्दा बढीको ठेक्का लिएकोमा सम्बन्धित कर कार्यालयको कर भुक्तनाी वा कर फुकुवा प्रमाण पत्र पेश नगरे सम्म धरौटी रोक्का राख्नु पर्नेछ ।

४८. दोहोरो कर नलगाउने गर्न सम्झौता गर्न सक्ने: कुनै व्यक्तिको कुनै आयमा यस ऐन वा प्रचलित नेपाल कानून बमोजिम कर लाग्ने व्यवस्था भएको र सोही आयमा विदेशी मुलुकमा पनि कर लाग्ने रहेछ भने त्यस्तो दोहोरो कर नलाग्ने गर्न श्री ५ को सरकारले विदशी सरकारसित सम्झौता गर्न सक्नेछ ।

४९. आय वर्ष र लेखा राख्ने: (१) कुनै करदाताले आर्जन वा प्राप्त गरेको आय निश्चित गर्न आय व्ययको लेखा राखि कुनै खास अवधि मानि आएको भए त्यस्तो करदाताको हकमा यस्तो अवधिलाई निजको आय वर्ष मानिनेछ । आय व्ययको लेखा नराख्ने करदाताको हकमा श्री ५ को सरकारको आर्थिक वर्ष नै निजको आय वर्ष मानिनेछ ।

तर आर्थिक वर्ष ०५२।०५३ देखि श्री ५ को सरकारको आय वर्ष नै सम्पूर्ण करदाताहरुको आय वर्ष हुनेछ।

(२) आय वर्ष साधारणतः वाह्र महिनाको अवधिको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै लेखिएको भए तापनि कुनै खास कारणबाट कुनै करदाताको आयको लेखा वाह्र महिना भन्दा बढी वा घटी अवधिको लागी राख्नु पर्ने अवस्था पर्न आएमा सो अवधिलाई एक आय वर्ष मानिनेछ।

(४) एक पटक मानी आएको आय वर्ष वदल्न चाहेमा करदाताले कर अधिकृतको स्वीकृत प्राप्त गर्नु पर्नेछ।

(५) उद्योग, व्यापार, पेशा व्यवसायको आय र श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अन्य कुनै आय आर्जन वा प्राप्त गर्ने व्यक्तिले आफ्नो आय व्यय स्पष्ट देखिने गरी लेखा राख्नु पर्नेछ। त्यस्तो लेखाको तरिका र भाषा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिम राख्नु पर्नेछ।

५०. लेखा र तत्सम्वन्धी प्रमाणहरु सुरक्षित राख्ने: कुनै पनि करदाताले आफ्नो उद्योग, व्यापार, पेशा, व्यवसाय सम्वन्धी लेखा र तत्सम्वन्धी प्रमाणहरु कर निर्धारण भएको मितिले ६ वर्ष सम्म सुरक्षित राख्नु पर्नेछ।

५१. लेखा परीक्षण गराउन वाध्य गर्न सक्ने: श्री ५ को सरकाले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आयकर निर्धारणको प्रयोजनको निमित्त खास किसिमको कारोबार गर्ने व्यक्ति वा कुनै खास हद भन्दा बढीको आय आर्जन वा प्राप्त गर्ने व्यक्ति वा कुनै खास हद भन्दा बढीको कारोबार गर्ने व्यक्तिले आफ्नो कारोबारको हिसाव स्वीकृत लेखापरिक्षकद्वारा लेखापरीक्षण गराउनु पर्ने गरी तोकी दिन सक्नेछ।

**स्पष्टिकरण**:- यस दफाको प्रयोजनको लागी "स्वीकृत लेखापरिक्षक" भन्नाले प्रचलित नेपाल कानून बमोजिम लेखा परीक्षण गर्न पाउने प्रमाण पत्र प्राप्त गरी कर विभागद्वारा करको प्रयोजनको निमित्त लेखा परीक्षण गर्न पाउने भनी तयार पारिएको लेखापरिक्षकको सूचीमा परेको लेखापरीक्षक सम्झनु पर्द छ।

तर नेपालमा कार्यरत विदेशी व्यक्ति, संस्था, कम्पनी वा निजको शाखा, प्रशाखा विकी संस्थाको तर्फबाट पेश गर्ने आय विवरण तथा लेखामा नेपाली नागरिक चार्टड एकाउण्टेण्टले प्रमाणित गरेको हुनुपर्नेछ।

५१क. लेखापरिक्षक उपर कारवाहि गर्न सकिने: (१) स्वयं कर निर्धारण गर्ने करदाताले दफा ५६ को उपदफा (२) मा उल्लिखित कुनै वा सबै अवस्थाको झुठ्ा आय विवरण दाखिल गरी कर छल्ने कार्य गरेमा र त्यस्तो कर छल्ने कार्यमा लेखापरिक्षकले मिलीमतो गरी सघाउ पु-याएको प्रमाणित भएमा पांचहजार रुपैंया सम्म जरिवाना गरी निजको नाम करको प्रयोजनको निमित्त कर विभागद्वारा तयार पारिएको स्विकृत लेखापरिक्षकको सूचि बाट पांच वर्षको लागी हटाइनेछ।

(२) स्वयं कर निर्धारण गर्ने करदाताले झुठ्ा विवरण पेश गरेमा र त्यस्तो विवरण पेश गर्ने कार्यमा लेखापरिक्षकको मिलीमतो नदेखिएता पनि निजको व्यवसायिक लापरवाहीले गर्दा त्यस्तो झुठ्ो विवरण पेश हुन आएको देखिएमा निजलाई पांच सय रुपैंया सम्म जरिवाना गरी निजको नाम करको प्रयोजनको निमित्त कर विभागद्वारा तयार पारिएको स्वीकृत लेखापरिक्षकको सूचिबाट तीन वर्षको लागी हटाइनेछ।

(३) उपदफा (१) र (२) मा उल्लेख भएकोमा बाहेक अन्य अवस्थामा लेखापरिक्षकले झुठ्ा लेखा वा विवरणलाई सांचो भनी प्रमाणित गरेको देखिएमा महानिर्देशकले त्यस्तो लेखापरीक्षकलाई लेखापरीक्षक सम्वन्धी ऐन, २०३१ बमोजिम सजाय गर्न महालेखापरीक्षक समक्ष सिफारीश गर्न सक्नेछ।

५१ख. खातावही र विकी वीलमा निस्सा लगाउने: (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकि दिएको करदाताहरुले कारोबारको लेखा राख्न प्रयोग गर्ने खातावहि र विकी वील (सैल्समेमो) मा कर अधिकृतको निस्सा लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निस्सा लागेको खातावहि र विकी वील प्रयोग भए नभएको सम्वन्धमा कर अधिकृतले आवश्यकतानुसार जांचवुझ गर्न सक्नेछ।

(३) ...............................

५१ग. भुक्तानीको कारोबार वैंक मार्फत गर्नु पर्ने: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अवस्थामा बाहेक करदाताहरुले एक पटकमा वीस हजार रुपैयां भन्दा वढी रकमको भुक्तानी गर्नु पर्दा वैंक मार्फत गर्नु पर्नेछ । यसरी वैंक मार्फत भुक्तानी नभएको रकमलाई खूद आयमा समावेश गरिनेछ ।

५२. सूचना पठाउने तरिका: (१) यो ऐन अर्न्तगत कर अधिकृतले कसैलाई सूचना दिनु पर्ने रहेछ वा सो पठाउन अधिकार दिएको रहेछ भने त्यस्तो सूचना सम्वन्धित व्यक्तिलाई वा त्यस्तो सूचना पाउने व्यक्ति, कम्पनी वा फर्म रहेछ भने सो कम्पनी वा फर्मको मूख्य अधिकारीलाई सम्वोधन गरी देहाय बमोजिमको तरिकाले वुझाइएमा त्यस्तो व्यक्ति, कम्पनी वा फर्मलाई सूचना दिएको मानिनेछः

(क) व्यक्तिगत रुपमा जसलाई वुझाउनु पर्ने हो उसैलाइ वुझाएको,

(ख) हुलाकद्वारा रजिष्ट्रि गरी सो व्यक्तिको हाल वा सवभन्दा पछिको ठेगानामा वा निजको पोष्टवक्समा वुझाएको ।

(२) उपदफा (१) बमोजिम रजिष्ट्रि हुलाकद्वारा सूचना पठाएकोमा यसरी पठाएको कुरा अन्यथा प्रमाणित नभए सम्म सामान्य गतिबाट वुझाइने अवधी भित्र सूचना वुझाइएको मानिनेछ ।

(३) ........................

५३. कागजातहरु गोप्य राख्नु पर्ने: कर अधिकृतले कुनै व्यक्तिको आयकर सम्वन्धमा आफ्नो अधिनमा आएका कागज पत्र वा अन्य कुनै श्रोतबाट थाहा भएका कुराहरु गोप्य राख्नु पर्नेछ । त्यस्तो कागजपत्रहरु वा गोप्य कुराहरु आयकर वा अन्य करको प्रयोजनको निमित्त बाहेक अन्य काममा प्रकाश गरिने वा कुनै अदालतमा प्रमाण लाग्ने छैन र अन्तिम कर निर्धारण हुन अगावै श्री ५ को सरकारको अनुमति विना कुनै अधिकारीले निरीक्षण वा अनुसन्धानको लागी माग गर्न समेत पाउने छैन ।

तर, यो ऐनको कार्यान्वयन गर्नु पर्ने कर्तव्य भएको व्यक्तिलाई यो ऐनको प्रयोजनको निमित्त कुनै गोप्य कुरा प्रकाश गर्न आवश्यक भएमा निजलाई त्यस्तो गोप्यता प्रकट गर्न वाधा पर्ने छैन ।

५४. फारामहरु तोक्ने: यो ऐनको प्रयोजनको निमित्त चाहिने आवश्यक विवरणको फारामहरु महानिर्देशकले समय समयमा तोकि दिए बमोजिम हुनेछ ।

५५. भूल सुधार गर्न सक्ने: (१) कर निर्धारणको आदेशमा आय वा खूद आय कायम गर्दा वा लाग्ने करको हिसाव गर्दा कुनै विवरण वा गणितको भूलले करको अंक घटी बढी हुने गरी कर निर्धारण भएको कुरा करदाताको निवेदन परी वा अन्य तवरले थाहा हुन आएमा कर निर्धारण भएको मितिले दुई वर्ष भित्र कर अधिकृतले सो भूललाई सच्याई पुनः कर निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार त्यस्तो कर निर्धारण आदेश सच्याउंदा लाग्न आउने कर पहिलेको कर निर्धारण आदेशबमोजिम भन्दा कम हुन जाने भएमा त्यस्तो कर निर्धारण आदेश सच्याउनु अघि स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकको स्वीकृती लिनु पर्नेछ ।

(३) उपदफा (१) अनुसारका भूल सुधारबाट करको रकम पहिले निर्धारण भएको रकम भन्दा बढी हुने भएमा सो कर निर्धारण आदेश सच्याउनु अघि स्पष्ट कारण खोलि पर्चा खडा गरी करदातालाई लिखित सूचना दिई आफूले तिर्नु पर्ने कर सम्वन्धमा केही कुरा भन्न वा सवूद पेश गर्न मनासिव माफिकको मौका दिनु पर्नेछ ।

५५क. सांचो सूचना दिनेलाइ ईनामः( (१) यस ऐनबमोजिम कर निर्धारण भएको मितिले दुई वर्ष नपुग्दै कुनै करदाताले कर छलेको कारणबाट करको दायित्व कम हुन गएको छ भन्ने कुरा खुलाई कुनै व्यक्तिले कर छलेको सवूद प्रमाण समेत संलग्न गरी कर विभागमा लिखित सूचना दिएमा र त्यस्तो सूचनाको आधारमा छानविन गर्दा सो कुरा सांचो ठहर्न आएमा श्री ५ को सरकारले सो सूचना दिने व्यक्तिलाई उक्त सूचनाको जरियाबाट असूल उपर भएको कर रकमको पच्चिस प्रचिशत रकम ईनाम स्वरुप दिनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्तिले आफुसंग भएको कर छलेको कुनै सवूद प्रमाण संलग्न गरी सूचना दिएमा मात्र त्यस्तो सूचनाको आधारमा छानविनको कारवाही गरिनेछ ।

५६. <u>पुनः कर निर्धारण वा अतिरिक्त कर निर्धारण गर्न सक्नेः</u> (१) नेपाल आयकर ऐन, २०१९ यो ऐन वा प्रचलित नेपाल कानून वमाजिम दाखिल गर्नु पर्ने आय विवरण कसैले झुठ्ठा दाखिल गरे गराएको रहेछ र त्यसको कारणबाट कसैको करको दायित्व कम हुन गएको छ भन्ने कुरामा श्री ५ को सरकारलाई चित्त वुझेमा श्री ५ को सरकारले सो कर निर्धारण भएको मितिले पांच वर्ष भित्र पुनः कर निर्धारण गर्न वा अतिरिक्त कर निर्धारण गर्न आदेश दिन सक्नेछ ।

तर स्वयं कर निर्धारणको प्रयोजनको निमित्त आय विवरण पेश गर्ने करदाताको हकमा कर अधिकृतले नै पुनः कर निर्धारण गर्ने आदेश दिन सक्नेछ ।

(२) यस दफाको प्रयोजनको निमित्त "झुठ्ठा" भन्नाले देहाय बमोजिमको कुनै वा सवै अवस्था जनाउंछः

(क) भै राखेको कुनै आय श्रोत पूर्ण वा आंशिक रुपमा दवाएमा,

(ख) कुनै श्रोत बाट भएको आय पूर्ण वा आंशिक रुपमा दवाएमा,

(ग) विवरण वा हिसाव पुष्टि गर्न नक्कली वील, भरपाई वा त्यस्तै प्रमाणको सहायता लिएकोमा वा खूद खर्च भन्दा बढीको वील भरपाई आदि पेश गरेमा,

(घ) झुठ्ठा हिसाव किताबको आधारमा विवरण पेश गरेमा,

(ङ) दफा २४ को उपदफा (१) वा (२) बमोजिम कर छलेमा वा करको दायित्व घटाएमा ।

(३) कुनै करदाताको कर निर्धारण वदनियत साथ वा लापरवाहि बाट भई वा अनियमित भई करको दायित्व घट्न गएको छ भन्ने कुरामा श्री ५ को सरकारलाई चित्त वुझेमा श्री ५ को सरकारले सो कर निर्धारण भएको मितिले पांच वर्ष भित्र पुनः कर निर्धारण गर्न वा अतिरिक्त कर निधारण गर्न आदेश दिन सक्नेछ ।

५६क. <u>पुनः कर निर्धारण भएमा पुनरावेदन खारेज हुनेः</u> (१) नेपाल आयकर ऐन, २०१९ वा यस ऐन अनुसार भएको कर निर्धारण आदेश उपर पुनरावेदन परेको भए तापनि निर्णय हुन बांकी भए दफा ५६ को उपदफा (१) वा (३) बमोजिम पुनः कर निर्धारण गर्न सक्नेछ ।

(२) दफा ५६ को उपदफा (१) वा (३) बमोजिम पुनः कर निर्धारण गर्ने आदेश भए पछि कर अधिकृतले गरेको अघिल्लो कर निर्धारण आदेश रद्ध हुनेछ र सो आदेश उपर परेको पुनरावेदन स्वतः खारेज हुनेछ ।

५६ख. <u>अतिरिक्त कर निर्धारण गर्न वाधा नपर्नेः</u> नेपाल आयकर ऐन, २०१९ वा यस ऐन अनुसार भएको कर निर्धारण आदेश उपर पुनरावेदन परी निर्णय हुन बांकी भएको वा निर्णय भई सकेको भए तापनि सो अघिल्लो कर निर्धारण आदेशले ढाकेको बाहेकको आयमा दफा ५६ को उपदफा (१) वा (३) बमोजिम अतिरिक्त कर निर्धारण गर्न सक्नेछ ।

५७. <u>राजश्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेः</u> यस ऐनबमोजिम कर अधिकृतले गरेको कर निर्धारणको आदेश वा सजायको आदेशले मर्का पर्ने व्यक्तिले त्यस्तो आदेश उपर राजश्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ । यसरी करदाताले राजश्व न्यायाधिकरणमा पुनरावेदन दिई राजश्व न्यायाधिकरणबाट त्यस्तो पुनरावेदन जिकिर पुरै वा आंशिक रुपमा नठहर्ने गरी निर्णय भएमा त्यसरी जिकिर नठहर्ने गरी भएको निर्णयको हद सम्मको रकममा करदाताले दफा ३७ को उपदफा (३) बमोजिम लाग्ने शुल्क वुझाउनु पर्नेछ ।

तर, करदाताले दफा ३४ को उपदफा (२) बमोजिम महानिर्देशक समक्ष निवेदन दिएमा वा दफा ३५ को उपदफा (४) बमोजिम महानिर्देशक समक्ष निवेदन दिएमा कर अधिकृतले दिएको आदेश उपर राजश्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने छैन ।

५७क. <u>निवेदन वा पुनरावेदन दिंदा उल्लेख गर्नु पर्नेः</u> कुनै करदाताले दफा ३४ को उपदफा (२) बमोजिम निवेदन दिंदा वा दफा ५७ बमोजिम पुनरावेदन दिंदा के कति कारणबाट कर अधिकृतले गरेको निर्णय वा आदेश पुरा वा आंशिक रुपमा ठीक छैन भन्ने कुरा र के कति कारणबाट आफ्नो आय वा दायित्व कति हुनुपर्ने भन्ने अंक समेत खुलाई निवेदन वा पुनरावेदनमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

५८. लेखा मान्य नहुने: देहाय बमोजिमको लेखा यस ऐनको प्रयोजनको निमित्त मान्य हुने छैन :

(क) दफा ३१क. बमोजिम कागजात वा विवरणहरु पेश नगरिएको,

(ख) दफा ४९ को उपदफा (५) बमोजिम श्री ५ को सरकारले तोकेको तरिका र भाषामा नराखेको,

(ग) दफा ५१ बमोजिम लेखा परीक्षण नगरिएको,

(घ) दफा ५१ ख. बमोजिम कर अधिकृतको निस्सा लगाउनु पर्नेमा निस्सा नलगाएको,

(ङ) दफा ५६ को उपदफा (२) मा तोकिएको कुनै वा सवै अवस्थाको ।

५८क. अन्तिम निर्णय बमोजिम कर निर्धारण आदेशमा हेरफेर गर्ने: कुनै कर निर्धारण आदेश उपर पुनरावेदन वा निवेदन परी पुनरावेदन वा निवेदन सुन्ने अधिकारीबाट भएको अन्तिम निर्णयबमोजिम कर निर्धारण आदेशमा हेरफेर गर्नु परेमा सो निर्णयको प्रतिलीपी आफु कहां प्राप्त भएको वा करदाताले सो निर्णयको प्रमाणित प्रति दाखिल गरेको मितिले सामान्यतया पैंतीस दिनभित्र सम्वन्धित कर अधिकृतले सो कर निर्धारण आदेशमा हेरफेर गरी सक्नु पर्नेछ ।

५८ख. लापरवाही गरेमा विभागीय कारवाहि गरिने: कुनै कर निर्धारण वदनियत साथ वा लापरवाहीबाट गरेको ठहरी करदाताको दायित्व वढ्न वा घट्न गएमा यस्तो कर निर्धारण गर्ने वा दफा ३३ को उपदफा १ बमोजिमको म्यादभित्र कर निर्धारण नगर्ने सम्बन्धित कर अधिकृतलाई महानिर्देशकले निजको प्रचलित सेवा शर्त सम्वन्धी कानून बमोजिम सजाय गर्न विभागीय कारवाही चलाउनु पर्नेछ ।

५८ग. अदालतको आदेश अनुसार रोकिएकोमा हद म्याद नजाने: यो ऐनबमोजिम कर अधिकृत वा श्री ५ को सरकारले उठान गरेको कारवाही रोक्का राख्न अदालतवाट आदेश भएमा दफा ५५ र ५६ मा तोकिएको म्याद अवधि गणना गर्दा त्यसरी रोक्का भएको अवधिलाई बाहेक गरी गणना गरिनेछ ।

५८घ. स्थानिय प्रतिनिधिले विवरण दिनु पर्ने: कुनै विदेशी कम्पनी, फर्म वा व्यक्तिले नेपालमा आफ्नो स्थानिय प्रतिनिधि (ऐजेण्ट) नियुक्त गरेमा त्यसको पैंतिस दिनभित्र त्यसरी नियुक्त भएका स्थानिय प्रतिनिधिले देहायको विवरण सम्बन्धित कर कार्यालयलाई दिनु पर्नेछ :-

(क) आफ्नो नाम र ठेगाना,

(ख) आफुले पाउने पारिश्रमिक र भुक्तानीको तरीका,

(ग) आफुलाई प्रतिनिधी नियुक्त गर्नेसंग कुनै समझौता गरेको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि ।

५९. आय विवरण दाखिला नगर्नेलाई सजाय: (१) दफा २७ मा तोकिएको म्यादभित्र आय विवरण दाखिला नगर्ने करदातालाई लाग्ने करको वार्षिक दश प्रतिशत जरिवाना हुनेछ ।

(२) दफा २८ बमोजिमको आदेश अनुसारको म्यादभित्र आय विवरण दाखिल नगर्ने व्यक्तिलाई लाग्ने करको वार्षिक पन्ध्र प्रतिशतका दरले जरिवाना हुनेछ ।

(३) उपदफा (२) बमोजिम आय विवरण दाखिला नगर्ने करदातालाई कर अधिकृतले आय विवरण दाखिल नगरे सम्म देहायको कुनै वा सवै कारवाही गर्न सक्नेछः

(क) करदाताको चल सम्पत्ति रोक्का गर्ने वा कब्जा गर्ने,

(ख) करदाताको नाममा कुनै सरकारी कार्यालय वा श्री ५ को सरकारको स्वमित्व भएको संगठित संस्थामा रहेको धरौटी वा त्यस्तो कार्यालय वा संस्थाले करदातालाई तिर्नु बुझाउनु पर्ने रकम रोक्का गर्ने,

ग) करदाताको कारोबार वा निकासी पैठारी रोक्का गर्ने ।

तर, खण्ड (क), (ख) वा (ग) बमोजिम को कारवाही गर्ने कर अधिकृतले स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकको पूर्व स्वीकृती लिनु पर्नेछ ।

(४) दफा २७ वा २८ बमोजिमको म्यादभित्र आय विवरण दाखिला नगर्ने करदाताको दफा ३३ को उपदफा (२) बमोजिम कर निर्धारण गर्नु परी सोही दफाको उपदफा (४) बमोजिम म्याद दिइएकोमा त्यस्तो म्यादभित्र केही कुरा भन्न वा सवूद प्रमाण पेश गर्न नआउने करदातालाई लाग्ने करको वार्षिक पन्ध्र प्रतिशतका दरले जरिवाना हुनेछ ।

(५) उपदफा (४) बमोजिम जरिवाना हुनेमा उपदफा (२) बमोजिम जरिवाना हुने छैन ।

(६) उपदफा (२) र (४) अनुसार जरिवानाको अंक कायम गर्दा लाग्ने कर रकमबाट दाखिल भै सकेको अग्रिम कर कट्टा गरी असूल गर्न बांकी करको रकमबाट मात्र जरिवानाको अंक कायम गरिनेछ ।

(७) उपदफा (२) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपदफाहरु अनुसार जरिवानाको अंकको गणना गर्दा आय वर्ष समाप्त भएको मितिले तीन महिना नाघेको मिति देखि गणना गरिनेछ ।

६०. झुट्टा विवरण दाखिल गर्ने करदातालाई सजाय: (१) यस ऐनबमोजिम करदाताले दाखिल गर्नु पर्ने आय विवरण दफा ५६ को उपदफा (२) मा उल्लेखित अवस्थाको भई झुठ्ठा ठहरिएमा त्यस्तो झुठ्ठा विवरण दाखिल गरे गराएको कारणबाट जे जति रकम घटी हुन गएको वा हुन जाने भएको छ सो घटी रकम करदाताबाट असूली गरी निजलाई सोही रकम बराबरको रकम जरिवाना वा बढीमा दुई वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ ।

तर, कैदको सजाय गर्दा राजश्व न्यायाधिकरणमा साधक जाहेर गरी राजश्व न्यायाधिकरणबाट निकासा भई आए बमोजिम गर्नु पर्नेछ ।

(२) स्वयं कर निर्धारण गर्ने करदाताले कर छल्ने नियतले गणितीय त्रुटी गरेमा यस्तो त्रुटीबाट फरक पर्न गएको कर रकम निजबाट असूल गरी निजलाई सो रकमको पचास प्रतिशतसम्म जरिवाना हुनेछ ।

(३) स्वयं कर निर्धारण गर्ने करदाताले पेश गरेको विवरण झुठ्ठा नभई कर निर्धारण गर्ने प्रयोजनको लागी ऐनको दफा १२, ४१ र ४३ बमोजिम खर्च मिन्हा पाउन सक्ने वा आयतर्फ समावेश हुनुपर्ने रकमहरुको सम्वन्धमा मात्र त्रुटी गरेको देखिएमा यस्तो त्रुटीबाट घट्न गएको रकम निजबाट असूल गरी निजलाई सो रकमको पचास प्रतिशत जरिवाना हुनेछ ।

६१. लेखा नभएको वा सुरक्षित नराखेको सजाय: दफा ४९ को उपदफा (५) बमोजिम लेखा नराख्ने वा दफा ५० बमोजिम लेखा र तत्सम्वन्धी प्रमाणहरु सुरक्षित नराख्ने करदातालाई बढीमा पांच हजार रुपैया सम्म जरिवाना हुनेछ ।

६२. खानतलासीमा वाधा दिनेलाई सजाय: (१) दफा ४६ बमोजिम खानतलासीमा वाधा विरोध गर्ने व्यक्तिलाई पांच सय रुपैयां सम्म जरिवाना वा एक महिना सम्म कैद वा दुवै सजाय प्रमुख जिल्ला अधिकारीले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

६३. कर कट्टी गरी दाखिला नगर्नेलाइ सजाय: दफा ३६ बमोजिम कर कट्टी गरी सो रकम म्यादभित्र श्री ५ को सरकारमा दाखिल नगर्ने व्यक्तिलाई बढीमा पांच सय रुपैयां सम्म जरिवाना गर्न सकिने छ ।

६३क. बेचबिखन,नामसारी र हस्तान्तरण रोक्का गर्न सकिने: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको कुनै खास किसिमको आय आर्जन गर्ने व्यक्तिहरुको सम्वन्धमा सोही सूचनामा तोकिएको खास किसिमका चल वा अचल सम्पत्तिको बेचबिखन, नामसारी वा हस्तान्तरण गर्दा ती व्यक्तिहरुले त्यस्तो सम्पत्तिबाट आर्जन गरेको आयमा लाग्ने कर भुक्तानी वा कर नलाग्ने निस्सा वा कर फुकुवाको प्रमाण पेश नगरेसम्म सो सम्पत्तिको बेचबिखन, नामसारी वा हस्तान्तरण रोक्का हुने गरी आदेश जारी गर्न सक्नेछ । त्यसरी आदेश जारी भए पछि त्यस्तो सम्पत्तिको लिखत रजिष्ट्रेशन गर्ने कार्यालय र अन्य सम्बन्धित कार्यालयले सो आदेशबमोजिम त्यस्तो सम्पत्तिको बेचबिखन, नामसारी र हस्तान्तरण रोक्का गर्नु पर्नेछ ।

६३ख. ऐन नियम उल्लंघन गर्नेलाई सजायः दफा ५९, ६०, ६१, ६२, र ६३ बमोजिम सजाय हुने बाहेक यस ऐन वा यस ऐन अर्न्तगत वनेको नियम उल्लंघन गर्ने व्यक्ति, फर्म, कम्पनी, वैंक, वित्तीय वा अन्य संस्थालाई कर अधिकृतले बढीमा एक हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

६३ग. अन्य सजायः (१) यस ऐनबमोजिम पालन गर्नु पर्ने कर्तव्य पालन नगर्ने करदातालाई कर अधिकृतले आवश्यक देखेमा सो कर्तव्य पालन नगरेसम्म अन्य दफाहरु अनुसार हुने सजायमा प्रतिकुल असर नपर्ने गरी निजलाइ राहदानी प्रदान हुन रोक्का गर्न सक्नेछ ।

(२) दफा ५क. अनुसार उद्योग, व्यापार, पेशा वा व्यवसाय दर्ता गराउनु पर्ने कर्तव्य भएका व्यक्तिले दर्ता नगरी उद्योग, व्यापार, पेशा वा व्यवसाय गरेमा निजलाई कर अधिकृतले बढीमा पांच सय रुपैयां सम्म जरिवाना गर्न वा दर्ता नगरे सम्म त्यस्तो कारोबार रोक्का गर्न वा कारोबार गरेको कुनै वा सबै मालसामान कब्जा गर्न आदेश दिन सक्नेछ ।

(३) यस दफा बमोजिम राहदानी रोक्का गर्ने वा कारोबार रोक्का गर्ने वा मालसामान कब्जा गर्ने आदेश दिनु अगावै कर अधिकृतले स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकको पूर्व स्वीकृति लिनु पर्नेछ ।

६४. सजाय गर्ने अधिकारीः दफा ५९, ६०, ६१, र ६३ बमोजिम सजाय गर्ने अधिकार कर अधिकृतलाई र दफा ५१क. को उपदफा (१) र (२) बमोजिम सजाय गर्ने अधिकार महानिर्देशकलाई हुनेछ ।

६५. नियम वनाउने अधिकारः यो ऐनको उद्येश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले नियमहरु वनाउन सक्नेछ ।

६६. खारेजी र वचाउः

(१) नेपाल आयकर ऐन, २०१९ खारेज गरिएको छ ।

(२) यो ऐन प्रारम्भ हुंदाका वखत नेपाल आयकर ऐन, २०१९ बमोजिम आय विवरण दाखिल गर्न बांकी भएको, दाखिल भएको आय विवरणमा कर निर्धारण बांकी भएको वा निर्धारित कर असूल उपर गर्न बांकी भएकोमा समेत यसै ऐनबमोजिम कर निर्धारण र असूल उपर गरिने छ ।